जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पवित्र बन्धन हो,
विवाहलाई लेनदेनको विषय नबनाऔं,
विवाहमा दाईजो लिने र दिने काम नगरौं,
दाईजोको कारण हुने हिंसा अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



## सीताराम विवाह पञ्चमी महोत्सव सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम। साताव्यापी सीताराम विवाहपञ्चमी महोत्सव अन्तर्गत अन्तिम दिन रामकलेवा विधिसंगै जन्तीलाई विदाइ गरी सीताराम विवाहपञ्चमी महोत्सव सम्पन्न भएको छ।

सो क्रममा सीताराम विवाहपञ्चमी महोत्सवमा आएका जन्तीलाई जानकी मन्दिरमा ५६ व्यञ्जनका परिकारसहितको भोजन गराइएको थियो। जानकी मन्दिर परिसरमा आयोजित रामकलेवा विधिमा उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले जन्तीमा आएका साधुसन्तहरुलाई विशेष भोजन गराउनुका साथै दान-दक्षिणासमेत प्रदान गरेका थिए।

त्रेता युगमा भगवान रामसहित चारै दाजुभाइको विवाह एकसाथ भएको थियो। जन्तीमा आएका अयोध्याका महराज दशरथ, गुरु पुरोहितलगायतका जन्तीहरुलाई भाँतीभाँतीको गाली दिएर मै थिलानीहरु मनोरञ्जन गरेका थिए। मिथिलाकी नारीको मधुर गाली सुनेर महराज दशरथलगायतका अयोध्यावासीहरु मुग्ध भएका थिए। मिथिलाकी युवराज्ञी सीताको विवाह भएपछि पनि लामो समय जन्तीहरु जनकपुरधाममा नै बसेका थिए। विवाहपछि जन्ती बेहुली सीतालाई लिएर अयोध्या प्रस्थान गर्दा राजा जनकले विदाइ गरेका थिए।

यता बुधबार राति सीतारामा विवाहको क्रममा जनकपुरधामको रंगभूमि मैदान बाह्रविघामा भागदौड मच्चिदाँ कयौं श्रद्धालुभक्तजनहरु घाइते भएका छन्।

विवाहपञ्चमी मेला हेर्न जनकपुरधाम आएका भारतलगायत आसपासका क्षेत्रबाट श्रद्धालुभक्तजनहरु रंगभूमि मैदानमा विश्राम गरिरहेका थिए।

सुरक्षा व्यवस्था कमजोर रहेको रंगभूमि मैदानमा केही उच्छृंखल चोरहरुले श्रद्धालुहरुको सामान चोरी गरिरहेको स्थानीयवासीले बताए। एक जना श्रद्धालुले चोरी गरिरहेको थाहा पाएपछि भागदौड भएको थियो। उनीहरुको उपचार प्रादेशिक अस्पताल जनकपुरमा भइरहेको धनुषा प्रहरीले जनाएको छ। कयौं श्रद्धालु भक्तजनहरुको सामान चोरी भएको उनीहरुले बताए।

जानकी मन्दिरको छत, मन्दिरको परिसर र बाहिरसमेत जानकी मन्दिर व्यवस्थापन, सुरक्षा व्यवस्थापनमा स्थानीय प्रहरी प्रशासनको चरम लापरबाहीका कारण विगत वर्षमा पनि बाहिरबाट आएका श्रद्धालु भक्तजनहरुको गरगहना चोरीसंगै विभिन्न खाले असुरक्षाको सामना गर्दै आएको तीर्थालुहरुले आरोप लगाएका छन्।

### मधेश प्रदेशको मुख्यमन्त्रीविरुद्धको मुद्दा आज पेशी चढ्ने

# बहस लम्बिए फैसलाको तिथि बढ्ने सम्भावना, दुबै पक्ष आ-आफ्नो अडानमा

**टुडे समाचारदाता**

काठमाण्डु। मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवविरुद्ध मधेश प्रदेशका ७४ जना सांसदको तर्फबाट हालिएको रिट उपर बिहीबार बहस हुने भएको छ।

सर्वोच्च अदालतमा पेशी तोकिएको सो मुद्दाको पक्ष र विपक्षमा हुने बहस नलम्बिए बिहीबार नै फैसला आउने तर बहस लम्बिए फैसलाको तिथि बढ्न सक्ने कानुन व्यवसायीहरुले जनाएका छन्।

मधेश प्रदेशमा रहेको सात दलीय गठबन्धनका सांसदहरुको तर्फबाट दर्ता गरिएको रिटमा सर्वोच्चले अन्तरिम आदेश यस अघि नै जारी गरिसकेको छ। मुख्यमन्त्री यादवलाई नीतिगत र दीर्घकालीन असर पर्ने कुनै निर्णय नगर्न सर्वोच्चले अन्तरिम आदेश दिएको छ।

अदालतले अग्राधिकार दिएको सो मुद्दामा दुबै पक्षबाट झण्डै एक दर्जन कानुन व्यवसायीहरुलाई बहसका लागि राखिएको छ। दुबै पक्षले आ-आफ्नो तर्कबाट पछि हटेको छैन। मुख्यमन्त्री यादवले संविधानको धारा १६८ को धारा ३ बमोजिम प्रदेश प्रमुखले नियुक्त गरी शपथ गराएको बताउँदै धारा १६८ को उपधारा २ बमोजिम गठन भएको सरकारले प्रदेश सभामा बहुमत सिद्ध गर्न नसकेपछि ३ अनुसारको सरकार गठन गरिएको दाबी गरिरहेका छन्।

तर विपक्षी सात दलीय गठबन्धनका सांसदहरुले संविधानको धारा १६८ को उपधारा २ बमोजिमको सरकार गठन भइ बहुमतसिद्ध गर्ने हस्ताक्षर समेत प्रदेश प्रमुखलाई लिखित जानकारी गराउँदा समेत बेवास्ता गरेको आरोप लगाएका छन्।

तत्कालीन मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले विश्वासको मत लिन डाकिएको प्रदेश सभा बैठकमा मत विभाजन हुनु अगावै राजीनामा गरेकाले सरकार गठनको संविधानको धारा १६८को उपधारा २ जीवित नै रहेको मुख्यमन्त्रीको विरोधमा रहेका सांसदहरुको तर्क छ।

तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले दलगत स्वार्थले ओतप्रोत भइ बहुमत सांसदहरुको दाबी र संविधानको मर्म विपरीत महोत्तरी जिल्लाको बर्दिबासस्थित एउटा जंगलको बार रेष्टुरेन्टमा मुख्यमन्त्रीमा एमाले संसदीय दलका नेता सरोज कुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरी शपथग्रहण गराएका थिए।



एमालेसितको गठबन्धनमा रहेको नेपाली कांग्रेसले भण्डारीको निर्णयबाट आहत भएर एमालेको साथ छाडे। त्यस अघि प्रदेशसभामा रहेको ६ दलीय गठबन्धनमा नेपाली कांग्रेस मिलेसँगै दुई तिहाइ बढी बहुमत प्रदेश सभामा देखियो।

नेपाली कांग्रेसलाई विपक्षी दलहरुले एमालेको साथ छाडे सहकार्य गर्ने विश्वास दिलाएको थियो। तर कांग्रेसका नेताहरुले एमालेको साथ छाड्न अस्वीकार गरेपछि मधेश केन्द्रित दलहरुले नेपाली कम्यूनिष्ट पार्टीको साथ लिएर सरकार गठन गरेको थियो।

देशको अन्य ६ प्रदेशमा कांग्रेस र एमालेको गठबन्धन कायमै रहे पनि मधेश प्रदेशमा एमालेसितको गठबन्धन कांग्रेसका लागि घातक हुन सक्ने देखिन्छ। मधेश केन्द्रित दलहरु र नेपाली कम्यूनिष्ट पार्टी(नेकपा) ले एमालेसित कुनै प्रकारको सहकार्य नगर्नेमा अडिग छन्। उनीहरुले सरकार गठन गर्न नसके पनि एमालेको सहयोगमा सरकार नबनाउने बताउँदै आएका छन्।

मधेश प्रदेश सभाको सभामुख रामचन्द्र मण्डलले जितेन्द्रप्रसाद सोनललाई विश्वासको मत लिन अवरोध गरेको आरोप लगाउँदै सात दलीय गठबन्धनले उनी विरुद्ध महाअभियोग लगाएको थियो। पद अनुरुपको आचरण नगरेको प्रस्ताव प्रदेशसभा दर्ता हुन नदिन मण्डलले बाहुबलको प्रयोगग गरेका थिए। उनले पाँच जना सांसदलाई समेत अबैध ढंगले पदमुक्त गरेका थिए। सर्वोच्च अदालतले पदमुक्त भएका सांसदहरुलाई पुनःबहालीको अन्तरिम आदेश दिएको थियो। प्रदेश सभामा दर्ता रहेको महाअभियोग प्रस्तावलाई प्रदेश सभाको बैठकले दुई तिहाई बहुमत भन्दा बढी सांसदहको मतले पारित गरिएको थियो।

एमालेबाट प्रदेश प्रमुख नियुक्त रहेकी भण्डारी बर्खास्त भइसकेकी छन्। एमालेबाट प्रदेश सभामुख बनेका मण्डल पनि महाअभियोगबाट पदमुक्त भइसकेका छन्। मुख्यमन्त्री यादवको गैर संवैधानिक नियुक्ती भनिएको रिट उपर विहिवार सर्वोच्चमा बहस हुने पेशी तोकिएको छ।

मुख्यमन्त्री यादवको नियुक्ती गैरकानुनी ठहर हुने बहस यस अघि नै कानुन व्यवसायीहरुले गरेका थिए। दुबै पक्षको सम्पूर्ण तथ्य प्रमाण र नियुक्तिको विधि प्रक्रिया लगायतको आधिकारिकता सर्वोच्चमा परिक्षण हुनेछ।

मुख्यमन्त्रीको नियुक्ति बदर भए मधेश प्रदेशमा एमालेले व्यहोर्ने क्षतिको भर्पाई प्रदेश सभाको बाँकी रहेको अवधिमा हुने सम्भव देखिदैन। अवैध प्रक्रियामा जाँदा एमालेलाई ठूलो हानी भएको छ।

# प्रदेश सरकारको निर्णय सार्वजनिक, विपक्षी दलको विरोध



**टुडे समाचारदाता**

जनकपुरधाम। सर्वोच्च अदालतको आदेशलाई अवज्ञा गर्दै मुख्यमन्त्री सरोज कुमार यादवले किसानदेखि युवासम्मका आकर्षकीय नारासहितका नीतिगत तथा दीर्घकालीन योजनाहरुमा असर पर्ने गरी विभिन्न निर्णय सार्वजनिक गरेका छन्।

जनकपुरधाममा बुधबार पत्रकार सम्मेलन गरी मधेश प्रदेश सरकारले गरेको विभिन्न निर्णयहरु पहिलोपटक मुख्यमन्त्री यादवले सार्वजनिक गर्दै कृषि क्षेत्र र युवासँग सम्बन्धित विभिन्न निर्णयहरु गरेका छन्। सो निर्णयहरु सार्वजनिक गरेपछि विपक्षी दलीय गठबन्धनले अदालतको आदेशको अवहेलना गरेको भन्दै विरोध गरेका छन्।

गठबन्धनले सर्वोच्च अदालतको अन्तरिम आदेश विपरीत मुख्यमन्त्री सरोज कुमार यादवको नेतृत्वको प्रदेश सरकारले गरेको निर्णयले प्रदेशमा राजनीतिक द्वन्द्व र अस्थिरता निम्त्याउने खाले रहेको भन्दै चेतावनीसमेत दिए।

मुख्यमन्त्री यादवले कृषकहरूका लागि राहत तथा अनुगमन प्रक्रिया तीव्र पार्ने र बेरोजगार युवालाई दुई हजारसम्मको मासिक भत्ता दिने योजनालगायतका महत्वकांक्षी योजनासहितको निर्णय सार्वजनिक गरेका थिए। खासगरी १८ देखि ३५ वर्ष उमेरका स्नातक युवाहरूलाई प्रतिमहिना २ हजार रुपैयाँ भत्तासम्म दिने जस्ता निर्णय गर्नु सर्वोच्च अदालतले दिएको आदेशको विपरीत कार्यमा लागेको भन्दै विपक्षी गठबन्धनका घटक दलहरुले विरोध गरेका छन्।

यसैगरि रासायनिक मलको अभाव र प्राकृतिक विपद्बाट किसानलाई परेको समस्यालाई मध्यनजर गर्दै सघन अनुगमन र राहत स्वरुप प्रतिकठ्ठा १ हजार ५ सय रुपैयाँका दरले रकम वितरण प्रक्रिया गर्ने लगायतका निर्णय गरिएको उनले बताए।

प्रदेश सरकारका नीतिगत तथा दीर्घकालीन योजनामाथि निर्णय गरेर सर्वोच्च अदालतको अन्तरिम आदेशसंग मेल नखाने र दीर्घकालीन असर पार्न सक्ने सात दलीय गठबन्धनले जनाएको छ।

गठबन्धनका घटक दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका संसदीय दलका नेता जयनुल राइनले मुख्यमन्त्री यादवको नियुक्ति प्रक्रिया नै विवादित र असंवैधानिक प्रक्रियाले भएको भन्दै उनले यस निर्णयले सर्वोच्च अदालतको अवहेलना गरेको बताए। उनले भने, ' प्रदेश सरकारले गरेको विभिन्न खाले निर्णयले मधेशमा राजनीतिक द्वन्द्व निम्त्याउने खतरा रहेको छ।'

त्यस्तै नेकपा माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका नेता भरतप्रसाद साहले भने, 'हामी सर्वोच्च अदालतको निर्णयको पर्खाइमा छौं। यसैबीचमा मुख्यमन्त्री यादवले अदालतको आदेश विपरीत गरेको नीतिगत निर्णय गर्नु नै गलत हो।' उनले प्रदेश सरकारले गरेको निर्णयहरु बारे गठबन्धनभित्र छलफल गरेर अघि बढ्ने बताए।


त्यसैगरि नेपाली कांग्रेस मधेश प्रदेशका प्रमुख सचेतक कुमारकान्त झाले प्रदेश सरकारको निर्णयप्रति आपत्ति जनाएका छन्। उनले मुख्यमन्त्रीको निर्णय विरुद्ध विरोधमा उत्रिने चेतावनी दिए।

उनले भने, 'सर्वोच्च अदालतले नीतिगत तथा दीर्घकालीन असर नपर्ने खालका निर्णयहरु गर्नमा रोक लगाए पनि मुख्यमन्त्री यादवले युवाहरुलाई बेरोजगार भत्ता र किसानका हकमा बेमौसमी वर्षातमा खेतीपातीमा भएको क्षतिपूर्ति जस्ता नीतिगत तथा दीर्घकालीन निर्णय गरेर अदालतको आदेशको मानहानी गरिएको छ।' उनले मुख्यमन्त्री यादवले गरेको निर्णय मधेश प्रदेशको हितमा नरहेको भन्दै हामी यसको गठबन्धनको निर्णय अनुसार विरोधमा उत्रिने चेतावनी दिए।

सर्वोच्च अदालतले मधेश प्रदेश सरकारलाई नीति तथा दीर्घकालीन असर पर्ने निर्णय नगर्न अन्तरिम आदेश जारी गरेको छ। यस आदेशसंगै प्रदेश सरकारको निर्णयलाई अदालतको अवहेलना मानिने विपक्षी सात दलीय गठबन्धनको आरोप छ।

यता मुख्यमन्त्री सरोजकुमार यादवले भने 'आफूले गरेको निर्णय प्रदेशको कृषिको अवस्था सुधार र सरकारी कार्यालयमा किसानको क्षतिबारे भएको दर्ताबारे आफूले कार्यान्वयन अघि बढाएको छौं।' उनले अघि थप्दैं भने, 'मधेश प्रदेशमा बेरोजगार युवाको जीवन निर्वाहका गरेको निर्णय छौं। यो तत्कालै कार्यान्वयन हुँदैन, प्रदेश सरकारले योजना मात्र ल्याएको छ। अदालतको पूर्ण फैसला आउछ, हाम्रो पक्षमा आदेश आएमा तत्काल कार्यान्वयन गरिने, नभए मपछि आउने मुख्यमन्त्रीले अहिले गरिएको निर्णयलाई कार्यान्वयन गर्दै अघि बढाउनेछ।'

असंवैधानिक प्रक्रिया र कानुनी त्रुटिपूर्ण रुपमा मुख्यमन्त्री नियुक्ति प्रक्रिया सम्बन्धी रिट निवेदन सर्वोच्च अदालतमा विचाराधीन छ। अदालतले मंसिर ११ गते पूर्ण फैसला गर्ने मिति तोकिएको छ। यसअघि अदालतले प्रदेश सरकारलाई अन्तरिम आदेश जारी गदै ' दीर्घकालीन तथा नीतिगत निर्णयका काम नगर्न/गराउन अन्तरिम आदेश गरेको थियो।






सीताराम विवाह महोत्सवमा नेपाली सेनाद्वारा वृहत् निःशुल्क स्वास्थ्य शिविर सम्पन्न *तस्बिरः टुडे*

# माइक जडानका क्रममा करेन्ट लागेर एकको मृत्यु



**टुडे समाचारदाता**

रौतहट । रौतहटको फतुवा-विजयपुर नगरपालिका-६ स्थित रामदासी टोलमा माइकको तार जडान गर्दै गर्दा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ ।

मंगलवार राति करेन्ट लागेर गम्भीर घाइते भएका २२ वर्षीय गणेश महतोको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

प्रहरीका अनुसार राति करिब पौने १० बजे रामबहादुर महतोका छोरा गणेश महतो घरमै माइकमा तार जडान गर्दै गर्दा अचानक उच्च भोल्टेजको विद्युत प्रवाहमा परेर ढलेका थिए ।

गम्भीर घाइते अवस्थामा उनलाई तत्काल नेशनल हस्पिटल विजयपुरमा उपचार गरिएपछि थप उपचारका लागि कोल्हवीतर्फ लगिएको थियो ।

इलाका प्रहरी कार्यालय लक्ष्मीनिया विजयपुरबाट प्रहरी टोली अस्पताल पुगेको प्रहरी प्रवक्ता डिएसपी विष्णु प्रदीप बस्यालले बताए । राति ११:५५ बजे अस्पतालले प्रहरीलाइ मृत्युबारे जानकारी गराएको बस्यालले पुष्टि गरे ।

मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैया, बारामा राखिएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको र आवश्यक कानुनी प्रक्रिया अघि बढाइने प्रहरीले जनाएको छ ।

# ईसीटीएस प्रणाली अनावश्यक रुपमा लादिएको उद्योगी व्यवसायीको आरोप



**टुडे समाचारदाता**

पर्सा । नेपालमा रेलमार्फत ढुवानी गरिने कन्टेनरमा अनिवार्य रुपले लागू गरिएको इसीटीएस (इलेक्ट्रोनिक कार्गो ट्र्याकिङ सिस्टम) को उद्योगी व्यवसायीले विरोध गरेका छन् ।

अनावश्यक रुपमा यो प्रणाली थोपरिएको आयातकर्ताहरुको आरोप छ ।

सन् २०१९ देखि सो प्रणाली अनिवार्य रुपमा लागू गरिएको हो । भारतका विभिन्न बन्दरगाहमा तेस्रो मुलुकबाट पानी जहाजमार्फत आइपुगेका कन्टेनरलाई त्यहाँबाट रेलमार्फत नेपालसम्म ढुवानी गरेर ल्याइने तथा नेपालबाट पुनः भारतीय बन्दरगाहहरुसम्म फिर्ता लगिने कन्टेनरमा इसीटीएस अनिवार्य गरिएको छ ।

वीरगञ्ज उद्योग वाणिज्य संघका महासचिव आशिष लाठ प्रत्येक कन्टेनरमा इसीटीएसको डिभाइस अनिवार्य रुपले जडान गर्नु पर्ने व्यवस्था रहेको बताउँछन् । एउटै कन्टेनरमा भारु ७ हजार १ सय रुपैयाँ अनावश्यक रुपमा इसीटीएस शुल्क तिर्नु परेको उनले गुनासो गरे ।

वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव राजपाल नेपाल सरकारले यो प्रणाली अब रेल मात्र नभई भारतबाट सडकमार्गबाट ल्याइने कन्टेनरमा पनि लगाउने तयारी अन्तिम चरणमा पुऱ्याएको बताए ।

'रेलबाट कन्टेनर ढुवानी गरेर ल्याउँदा आफैमा कन्टेनर अत्यन्त सुरक्षित हुन्छन् र भारतीय रेलमार्गमा गुड्ने प्रत्येक रेलको छुट्टै ट्र्याकिङ गर्न सकिन्छ,' उनले भने, 'यस्तो अवस्थामा यो प्रणालीलाई प्रत्येक कन्टेनरमा जडान गरेर आयात निर्यातकर्तालाई जर्बजस्ती प्रविधिमैत्री बनाउने प्रयास गरिँदै छ ।'

सामान्यतया एउटा रेल्वे ऱ्याकले अधिकतम् ९० वटासम्म कन्टेनर बोक्छ । प्रत्येक कन्टेनरमा यसरी इसीटीएस डिभाइस जडान गर्दा त्यसको कुनै अर्थ र उपयोगिता नरहने उनले बताए । सिंगो रेल्वे ऱ्याकमा एउटा मात्र इसीटीएस डिभाइस जडान गर्दा त्यो पर्याप्त हुने उनी बताउँछन् ।

अधिकांश आयात, निर्यातकर्ताले यो प्रणाली लागू भएको ६ वर्षमा एक पटक पनि यसको उपयोग नगरेको र अनभिज्ञ रहेको अवस्थामा फेरि सडक मार्गबाट ढुवानी गरिने कन्टेनरमा यो प्रणाली जबर्जस्ती थोपर्न खोज्नु गलत भएको राजपाल बताउँछन् ।

कोलकातास्थित नेपाल कार्गो ह्याण्डलिङ एजेन्टस एसोसिएसन (नेचा) का सदस्य राजेश शारडा इसीटीएस प्रणाली नेपालको आयात-निर्यात व्यापारका लागि कुनै उपयोगी नभएको र यसको अतिरिक्त भार अन्ततः नेपाली उपभोक्तामै पर्ने भएकाले यसलाई अविलम्ब खारेज गरिनु पर्ने बताउँछन् ।

कोलकातास्थित नेपाली महावाणिज्य दूतावासका महावाणिज्यदूत झक्कप्रसाद आचार्यले यो प्रणाली नेपाल र भारत सरकारले संयुक्त रुपमा लागू गरेकाले यस सम्बन्धमा पुनरावलोकनको काम पनि दुवै देशका सरोकारवालाले बताए ।

# जेन- जीले बुझाए ज्ञापनपत्र

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीका जेन-जी युवाहरुको एक समूहले नागरिक सरोकारका विषयमा प्रमुख जिल्ला अधिकारी तथा प्रादेशिक अस्पताल जलेश्वरका प्रमुखलाई ज्ञापनपत्र बुझाएका छन् ।

जेन- जीका अगुवाले विभिन्न मागसहितको प्लेकार्ड तथा नाराबाजी गर्दै प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव र प्रादेशिक अस्पताल जलेश्वरका निमित्त कार्यालय प्रमुख डा.विकासकुमार साहलाई ज्ञापनपत्र दिएका छन् ।

जेन- जी समूहले प्रादेशिक अस्पताल जलेश्वर र जलेश्वर नगरपालिका सम्वद्ध विभिन्न ११ बुँदे माग राख्दै ज्ञापनपत्र बुझाएका हुन् ।

जेन- जी युवाहरुले जलेश्वर नगरपालिकाको फोहोर व्यवस्थापन तथा मणिपाल जग्गा सम्बन्धमा समेत ज्ञापनपत्रमार्फत ध्यानाकर्षण गराएका छन् ।

त्यसैगरि हाटबजार ठेक्कामा पारदर्शिता नभएको, सडकको अवस्था जीर्ण रहेको र जलेश्वर नगरपालिकाले हालै निर्माण सम्पन्न गरेको जलेश्वर कम्प्लेक्समा नगरपालिकाको कार्यालय सार्न लागेको विषय समेत उठान गर्दै त्यस्तो नगर्न चेतावनी समेत दिइएको छ ।



महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले ज्ञापनपत्र बुझ्दै आफूले प्रादेशिक अस्पताल जलेश्वर र जलेश्वर नगरपालिकाको कार्यालयलाई पत्र पठाउने आश्वासन दिए । त्यस्तै प्रादेशिक अस्पताल जलेश्वरका निमित्त कार्यालय प्रमुख डा.विकास कुमार साहले पनि आफूहरुबाट सम्भव हुने कार्य गर्ने बताए ।

# एक पुरुषले आफ्नै शरीरमा आगो लगाए

**टुडे समाचारदाता**

मलंगवा । पूर्व- पश्चिम राजमार्गस्थित सर्लाहीको लालबन्दीमा मङ्गलबार साँझ एक बेवारिसे पुरुषले आत्मदाहको प्रयास गरेका छन् ।

सर्लाहीको लालबन्दी नगरपालिका-७ स्थित डुमडुमे मन्दिर अगाडिको राजमार्गमा अन्दाजी ५०/५५ वर्षको जस्तो देखिने पुरुषले आत्मदाहको प्रयास गरेका छन् । प्रत्यक्षदर्शीका अनुसार ती पुरुषले पेट्रोल छर्किएर शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेका थिए ।

तत्कालै नजिकै रहेका स्थानीयले पानी र शरीरमा बालुवा हालेर आगो निभाएको प्रत्यक्षदर्शी रोशन बोहोराले जानकारी दिए । आगोले पुरुषको शरीरको अधिकांश बाहिरी भाग जलेको छ ।

आफैँले शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गर्दा जलेर घाइते पुरुषलाई लालबन्दी सिटी केयर अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि एम्बुलेन्समार्फत राति ९ बजे नै प्रादेशिक अस्पताल जनकपुरमा उपचार भएको थियो । इलाका प्रहरी कार्यालय लालबन्दीका प्रमुख एवम् प्रहरी निरीक्षक वीरेन्द्रसिंह जोहारीले घाइते पुरुषको परिचय खुलाउन प्रयास भइरहेको बताए ।

आत्मदाहको प्रयास गर्ने व्यक्तिको मोबाइलमा सूर्य पोखरेलको नामबाट रहेको फेसबुक आइडी लग इन रहेको पाइरहेको छ । लालबन्दी नगरपालिका- ७ का वडाध्यक्ष कृष्णकुमार कार्की (गोपाल) ले आत्मदाहको प्रयास गर्ने पुरुषलाई पहिलो पटक मंगलबार नै देखिएको बताए ।




# त्रिवेणी स्पिनिङ मिल्सले श्रमिकहरूलाई काममा फर्कन आह्वान



**रञ्जन यादव**

बारा । त्रिवेणी स्पिनिङ मिल्स लिमिटेडले लामो समयदेखि थन्किएको औद्योगिक गतिविधि पुनः सामान्य बनाउन श्रमिकहरूलाई तत्काल काममा फर्कन आग्रह गरेको छ। कम्पनीले श्रम ऐन र सम्बन्धित कानुनी प्रावधानको पूर्ण पालना गर्दै सञ्चालन हुँदै आएको र श्रमिक हितलाई सधैं प्राथमिकतामा राखिएको स्पष्ट गरेको छ।कम्पनीका अनुसार, मुनाफा कमाएको अवधिमा श्रमिकलाई कानुनले तोकेका सुविधामात्र होइन, ऐनमा परिकल्पना नै नगरिएका अतिरिक्त लाभ तथा सहयोग पनि प्रदान गरिँदै आएको थियो।तर पछिल्ला वर्षहरूमा कोभिड-१९ को असर, विभिन्न समयमा भएको गैरकानूनी हड्ताल, उत्पादन तथा आपूर्ति श्रृंखलामा आएको अवरोध जस्ता कारणले उद्योग ठूलो नोक्सानीमा परेको कम्पनीका प्रशासकिय अधिकृत राजेश श्रेष्ठले जानकारी दिए ।

यद्यपि यस्तो चुनौतीपूर्ण अवस्थामासमेत कम्पनीले श्रमिक कटौती नगरी निरन्तर रोजगारी तथा कानुनअनुसार पारिश्रमिक र सुविधा उपलब्ध गराइरहेको जनाएको छ । उता, ट्रेड यूनियनहरूले राखेका गर्न नसकिने मागहरूका कारण उत्पन्न विवाद हाल मध्यस्थतामा विचाराधीन रहेको र मध्यस्थता जारी रहेका बेला असोज २३ गतेदेखि गरिएको हड्माललाई श्रम विभागले गैरकानूनी घोषित गरिसकेको जानकारी कम्पनीले स्पष्ट पारेको छ । यही बीच, उद्योग सञ्चालन गराउन माग गर्दै कम्पनीमा क्रियाशील तीन वटा श्रमिक संगठनहरूले श्रम कार्यालयमा निवेदन दर्ता गराएका छन्। कम्पनीले पनि कानूनसम्मत रूपमा उद्योग सञ्चालन गर्न पूर्ण तयारी रहेको र यसअघि विभिन्न मितिमा काममा फर्कन अनुरोध गर्दै सूचना सार्वजनिक गरिइसकेको जनाएको छ ।

कम्पनीले केही व्यक्तिहरूको स्वार्थमा गरिएको अवाञ्छित गतिविधिलाई औद्योगिक वातावरण खलबल्याउने कार्यको रूपमा व्याख्या गर्दै, यस्तो गैरकानूनी हड्ताल तथा अवरोधले उद्योग मात्र होइन, श्रमिकहरूको रोजगारीमा पनि गम्भीर असर पर्ने चेतावनी दिएको छ ।

उद्योग लामो समय बन्द रहिरहे रोजगारी कटौती अपरिहार्य बन्न सक्ने अवस्था भएकाले यस्तो परिणाम नआओस् भन्नका लागि सबै श्रमिकलाई तुरुन्तै काममा फर्कन प्रशासकिय अधिकृत श्रेष्ठले सबै मजदुरमा आग्रह गरे ।

# जनमत पार्टीद्वारा रंगभेदविरुद्ध प्रभातफेरी

**टुडे समाचारदाता**

राजविराज । रंगभेदविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा जनमतपार्टीसप्तरीकोराजविराजमा प्रभातफेरी आयोजना गरेको छ । जनमतले प्रभातफेरीमा सबै प्रकारका सामाजिक विभेद, विशेष गरी जातीय तथा रंगभेदी भेदभाव अन्त्य गर्न नागरिकलाई सचेत गर्न उद्देश्य राखेको छ ।

पार्टीका पदाधिकारीहरूले प्रभातफेरीमा रंगभेद समाजका लागि गम्भीर समस्या भएको उल्लेख गरेका थिए । उनीहरूले जनतामा समानता, न्याय र सामाजिक सद्भावको संदेश पुऱ्याउन प्रभातफेरी आयोजना गरिएको बताए । प्रभातफेरीमा सहभागीहरू तस्विर र सन्देशसहितका प्लेकार्ड बोकेर राजधानीको विभिन्न मार्ग हुँदै मार्च गर्दै थिए । सहभागीहरूले रंगभेदविरुद्धको प्रतिवद्धता व्यक्त गर्दै समावेशी समाज निर्माणमा सरकार र नागरिक दुवैको सक्रिय भूमिका आवश्यक भएको बताए ।

## घर बहालमा लिने सम्बन्धी सूचना

नेपाल विद्युत प्राधिकरण चन्द्रनिगाहपुर वितरण केन्द्र, चन्द्रपुर, रौतहट कार्यालयको अतिथि गृह तथा भण्डारण प्रयोजनार्थ निम्नलिखित प्रस्तावित स्थानमा विजुली, पानी, पर्याप्त पार्किङ्ग स्थान सहितको घर जग्गाको कम्तिमा ९०० देखि १५०० वर्गफिट भूईतल्ला वा प्रथम तल्ला स्थान आवश्यक भएको हुँदा उक्त स्थानमा लामो समयावधिका लागि घर बहालमा दिन चाहनु हुने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहाय बमोजिमको कागजातहरु संलग्न राखि शिलबन्दी प्रस्ताव यस चन्द्रनिगाहपुर वितरण केन्द्र, चन्द्रपुर रौतहटमा आइपुग्ने गरी पेश गर्नु हुन आह्वान गरिएको छ ।

**क. प्रस्तावित स्थान**

१ चन्द्रपुर नगरपालिका, चन्द्रनिगाहपुर बजार ।

**ख. निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू**

१. जग्गा तथा घरधनी लालपूर्जाको प्रमाणित प्रति ।
२. उपलब्ध गराउन चाहेको घरजग्गाको बाटो समेतकिटान गरिएको नक्साको प्रमाणित प्रति ।
३. चारकिल्ला प्रमाणितको प्रति ।
४. घरजग्गा बहालको प्रस्तावित भाडादरको प्रति ।
५. कर तिरेको रसीदको प्रमाणित प्रति ।
६. घरजग्गा धनीको नागरिकताको प्रमाणित प्रति ।


**चन्द्रनिगाहपुर वितरण केन्द्र, रौतहट**
**नेपाल विद्युत प्राधिकरण**

## ज्योतिष-मार्गदर्शन
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

**मेष :** लाभदायक लगानीका अवसरहरु प्राप्त हुनेछन् ।
**वृष :** व्यापार व्यवसायको विस्तार तथा सरकारी अवसरहरु मिल्ने दिन छ ।
**मिथुन :** चुनौतीहरुका बीचमा पनि सफलता हात पार्न सकिन्छ ।
**कर्कट :** अनावश्यक चिन्ताले ध्यान विचलित गर्न सक्छ ।
**सिंह :** पारिवारिक सुख र रमाइलो यात्राको अवसर मिल्नेछ ।
**कन्या :** आर्थिक लाभ, शत्रु र रोगमाथि विजयको योग छ ।
**तुला :** शिक्षाक्षेत्र, आर्थिक कारोबार र लगानीका लागि अनुकूल समय छ ।
**वृश्चिक :** विश्वासघातको सम्भावना रहेको दिन भएकाले सचेत रहनुहोस् ।
**धनु :** मित्र तथा परिवारको सहयोग प्राप्त हुनेछ ।
**मकर :** कामा ध्यान नदिए असफलताको सामना गर्नुपर्नेछ ।
**कुम्भ:** छोटो रमाइलो यात्रा सम्भावना छ ।
**मीन :** काममा पनि उचित ध्यान दिनुपर्छ ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सीताराम विवाहपञ्चमी महोत्सवमा मंगलबार भएको सीता-रामको प्रतीकात्मक विवाहदेखि रामकलेवा र विदाइसम्मका दृश्यावलोकनः

तस्बिरः संजय यादव/टुडे

























**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# विवाहपञ्चमी प्रभावित

हरेक वर्ष भीड बढ्ने गरेको सीताराम विवाहपञ्चमी महोत्सवमा यस वर्ष भीड निकै घटेको देखियो । नेपाल र भारतको विभिन्न भागबाट लाखौँको संख्यामा सीताराम विवाहपञ्चमी महोत्सवको चक्षुदर्शन गर्न आउने श्रद्धालुहरुको संख्यामा उल्लेख्य कमी आएको छ । नेपालमा अत्यधिक भीड हुने सीमित मेलाहरु मध्येको प्रमुख मेला सीताराम विवाहपञ्चमी महोत्सव एउटा हो । तीनै तहको सरबाट पूर्णरुपमा उपेक्षित सीताराम विवाह महोत्सवको आयोजन जानकी मन्दिरले मात्र परम्परागत रुपमा गर्दै आएको छ । पर्यटन प्रवर्द्धन गर्न सके सीताराम विवाहपञ्चमी महोत्सव ठूलो उपलब्धिमूलक हुन सक्छ । पर्यटनबाट देशलाई यसले ठूलो आर्थिक टेवा दिन सक्छ । सीताराम विवाहपञ्चमी महोत्सव सामान्य आयोजन होइन । संसारभरिका हिन्दूहरुको आराध्य भगवान सीतारामको विवाहलाई जनकपुरधाममा महामहोत्सवको रुपमा मनाइन्छ । सीताराम विवाह महोत्सवमा सहभागी हुँदा कयौ जन्मको पुण्य प्राप्त हुने धार्मिक मान्यता छ । नेपालको विभिन्न स्थान र भारतको अनेक प्रान्तबाट आउने श्रद्धालुहरुलाई सहज रुपमा स्वयम्बर, वैवाहिक कार्यक्रमहरुको दर्शन हुने व्यवस्था आवश्यक छ । सफाइ, सुरक्षा, पर्याप्त शौचालय, खानेपानीलगायतका आवश्यक सुविधाहरु अनिवार्य रुपमा उपलब्ध हुनुपर्छ । ग्रामीण भेगबाट आउने भारतीय अथवा नेपाली भक्तजनहरुले समेत कष्ट भोग्नु परेको दुखेसो पोख्दै फर्कने गरेका छन् । मध्यम र उच्च वर्गका भक्तजनहरु विवाहपञ्चमीमा यस वर्ष सहभागी भएको देखिएन । स्वयम्बर, नगरपरिक्रमा र विवाह महोत्सवलाई अझ भव्य र व्यवस्थित बनाउन आवश्यक छ । छिमेकी राष्ट्र भारतको खासगरी उत्तर प्रदेश, मध्य प्रदेश, महाराष्ट्रलगायतका राज्यहरुमा आयोजन हुने ठूलाठूला मेला, महोत्सवहरुमा कयौं लाख मानिसहरुको सहभागिता हुने गर्छ । तर त्यहाँको व्यवस्थापनले मानिसहरुलाई धेरै कष्ट भोग्नु पर्दैन । गत पुस, माघ महिनामा भारतको उत्तर प्रदेश स्थित प्रयागराजमा आयोजना गरिएको महाकुम्भमा ५० करोडभन्दा बढी श्रद्धालुहरुले सहभागिता जनाए । तर उनीहरुलाई शौचालय, पिउने पानी, स्नान गर्ने स्थल, आवासलगायतको समुचित व्यवस्था गरिएको थियो । सडकमा सवारी साधन जाम भएर यात्रुहरुलाई सास्ती भए पनि अन्य कारणले खासै सास्ती भोग्नु परेन । जनकपुरधाममा विवाह महोत्सवको आयोजना गर्ने जानकी मन्दिरलगायतका सरोकारवालाहरुले पनि कुम्भमा गएका थिए । जानकी मन्दिरको खालसा(निःशुल्क भोजन र आवासको व्यवस्था) लागेको थियो । अनेकौँ साधुसन्त, विभिन्न धार्मिक आश्रम, उद्योगी, व्यवसायी, समाजिक कार्यकर्ताहरुले निःशुल्क आवास र भोजनलगायतको व्यवस्था गरेका थिए । त्यहाँ आयोजना हुने मेला, महोत्सवबाट हामीले सिक्नु पर्छ । मेला व्यवस्थापन समुचित ढंगले गर्न सके यहाँ पनि विशिष्ट श्रद्धालुहरुको आगमन हुनेछ । अनेक दाताहरुले आवास, भोजन लगायतका सुविधाहरु उपलब्ध गराउने छन् । तर त्यसका लागि समुचित व्यवस्थापन हुनुपर्छ । नेपालमा पछिल्लो समय भएको आन्दोलन, बिहार राज्यको सीतामढीमा भइरहेको विकास र प्रचारले जनकपुरधामको सीताराम विवाहपञ्चमी महोत्सवमा असर परेको देखिन्छ ।

## लैंगिक हिंसाविरुद्ध १६ दिनः

# प्रतिवद्धताको होइन, परिवर्तनको समय



डा.केदार कार्की

प्रत्येक नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म, विश्वले लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउँछ, जुन महिला तथा बालिकाहरू विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न जागरूकता जगाउने, वकालतलाई सुदृढ पार्ने र समुदायहरूलाई परिचालन गर्ने उद्देश्यले गरिएको विश्वव्यापी अभियान हो । लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान वर्षेनिजस्तै यो वर्ष पनि देशभर सुरु भएको छ । तर यो अभियानले उठाउने आवाज, तथ्य, पीडितका साक्ष्य र सुधारका प्रस्तावहरू बर्सेनि दोहोरिने मात्र भएका छन्, पूरा हुने भने कमै । १६ दिनका कार्यक्रमहरू, नाराहरू र प्रतिबद्धताले समाजमा परिवर्तन ल्याउने अपेक्षा हुँदाहुँदै पनि वास्तविक असर निकै सीमित देखिनु हाम्रो विडम्बना बनेको छ ।

विश्वव्यापी रूपमा, अनुमानित ८४ करोड महिलाहरू आफ्नो जीवनमा कम्तिमा एक पटक शारीरिक र/वा यौन घनिष्ठ साझेदार हिंसा, गैर-साझेदार यौन हिंसा, वा दुवैको शिकार भएका छन् - जुन लगभग तीन महिलामध्ये एक हो । हिंसाले सबै देश र सन्दर्भहरूमा महिलाहरूलाई असर गर्छ, तर कम आय भएका, द्वन्द्व प्रभावित, र जलवायु-जोखिममा परेका सेटिङहरूमा महिला र केटीहरू लिंग-आधारित हिंसाबाट असमान रूपमा प्रभावित हुन्छन् ।

गरिबीको तनाव, संकटको परिणाम, वा मदिरा सेवन हिंसालाई बढाउन सक्ने परिस्थितिका तीन धेरै फरक उदाहरणहरू मात्र हुन् । यद्यपि, गहिरिएर हेर्दा, पितृसत्तात्मक प्रणाली र मनोवृत्ति र तिनीहरूले खेती गर्ने हानिकारक लिंग मानदण्ड र मनोवृत्ति जस्ता कारकहरू समस्याको जरामा निहित छन् ।

लिंग-आधारित हिंसा कुनै पनि हानि हो - शारीरिक, मौखिक, मनोवैज्ञानिक, संरचनात्मक, वा भेदभावपूर्ण - जुन कुनै व्यक्ति वा समूह विरुद्ध उनीहरूको कथित लिंग, लिंग, यौन झुकाव र/वा लिंग पहिचानको कारणले गरिन्छ ।

लिंग-आधारित हिंसा पुरातन लिंग मान्यताहरू, विषाक्त पुरुषत्व, र पुरानो शक्ति संरचनाहरूलाई समर्थन र प्रयोग गर्ने प्रयासहरूद्वारा आधारित छ । सामान्यतया पुरुषहरूद्वारा महिला विरुद्धको हिंसाको रूपमा बुझिन्छ, लिंग-आधारित हिंसाले जो कोहीलाई पनि असर गर्छ जो फिट हुँदैन, वा कुनै न कुनै रूपमा स्वीकृत लिंग मान्यताहरू र अपेक्षाहरूलाई चुनौती दिन्छ । युद्धको समयमा, लिंग-आधारित शरीरहरू युद्धभूमि बन्छन् जहाँ लैंगिक यौन हिंसालाई युद्धको हतियारको रूपमा धेरै पटक प्रयोग गरिन्छ डर जगाउन र जनसंख्यामाथि शक्ति प्रयोग गर्न; यो युद्ध अपराध हो ।

लिंग-आधारित हिंसा सामान्य होइन, न त यो निजी मामिला हो। तैपनि महिला र लेस्बियन, समलिंगी, उभयलिंगी, ट्रान्सजेन्डर र समलैंगिक+ व्यक्तिहरू विरुद्ध भेदभावको व्यापक विश्वव्यापी संस्कृतिले यसलाई दण्डहीनताका साथ हुन दिन्छ ।

नेपालका तथ्यांकहरूले स्पष्ट देखाउँछन्, हिंसा कुनै एकपटकको घटना होइन, यो त घर, विद्यालय र समाजभरि फैलिएको चिर्पट जस्तै घाउ हो । जीवनकालमा करिब २५ प्रतिशत महिलाले शारीरिक वा यौन हिंसाको अनुभव गरिसकेका छन् । तीमध्ये करिब ७८.८२ प्रतिशत घटना घरभित्रै घट्छन् र यौन हिंसाका करिब ८३ प्रतिशत घटना परिचित व्यक्तिद्वारा गरिन्छन् । यी कठोर तथ्यांकले मन छोइदिन्छन्, पीडित महिलाहरूको पीडा महसुस हुँदा सहानुभूति त जाग्छ नै, तर त्यससँगै जिम्मेवारीको गहिरो र भयावह भार पनि मनमा थिचिन्छ । महिलाविरुद्ध हुने हिंसाले केवल महिलामाथि मात्र होइन, सम्पूर्ण समाजमाथि नै ठूलो चुनौती दिइरहेको छ । के यो नै हाम्रो युग हो । जहाँ २१औं शताब्दीमा पनि महिलामाथि यस्ता बर्बर व्यवहार भइरहेका छन् ?

नेपालले लैंगिक हिंसाविरुद्ध कानुन र नीति निर्माण गरेको छ । मुलुकी ऐन अपराधसंहिता अन्तर्गतका जबरजस्ती करणी र यौन अपराधसम्बन्धी प्रावधान, साथै महिला तथा बालबालिका संरक्षण व्यवस्था । तर, कानुन बन्नुमात्र पर्याप्त हुँदैन, कानुनले मात्रै पीडितलाई न्याय दिन सक्दैन । प्रभावकारी कार्यान्वयन अझै लामो, जटिल र चुनौतीपूर्ण प्रक्रिया बनेको छ । पीडित महिलाहरूका लागि सुरक्षा, आश्रय, मनो-सामाजिक परामर्श, दिगो आर्थिक सहयोग, छिटो र विश्वासिलो रिपोर्टिङ प्रणाली र न्यायिक प्रक्रियाको सशक्त संयोजन आवश्यक छ । यस्ता संयोजित प्रयासबिना कानुनका अक्षरहरू केवल कागजमै सीमित रहन्छन् र न्याय फेरि सपना बनेर रहन्छ ।

नेपालजस्तो सामाजिक संरचनाले निर्देशित देशमा लैंगिक हिंसा कुनै व्यक्तिगत दुर्भाग्य होइन, प्रणालीगत कमजोरीको परिणाम हो । हिंसाका स्वरूप घर, विद्यालय, कार्यस्थल, सार्वजनिक स्थानदेखि अनलाइनसम्म फैलिएका छन् । यस्ता हिंसाका मूल कारण–शक्ति असमानता, संरचनागत भेदभाव, दण्डहीनता र हिंसात्मक संस्कार–जहाँका त्यहीँ रहेसम्म १६ दिनको अभियानले प्रत्यक्ष प्रभाव देखाउन कठिन छ । तर यसको अर्थ अभियान निरर्थक छ भन्ने होइन । बरु यसको आवश्यकता अझै बढ्दै गएको छ ।

सबैभन्दा पहिले १६ दिने अभियानले समाजमा 'हिंसा छ' भन्ने यथार्थलाई सार्वजनिक विमर्शको केन्द्रमा ल्याइदिएको छ । धेरै पीडित, जसले वर्षौंसम्म मौनता वा डरका कारण आवाज उठाउन सकेका थिएनन्, कम्तिमा यो अवधिमा आफ्नो पीडा बोल्न हिम्मत गर्छन् । घरभित्र थिचिएका घटना सार्वजनिक डेस्कसम्म पुग्छन् । यसले नीति निर्माण तहलाई पनि सन्देश दिन्छ कि समस्या सतहमा मात्रै होइन, मूल जरा गहिरो छ ।

दोस्रो, १६ दिनको अभियानले राज्य संयन्त्रलाई आफ्नो कमजोरी स्वीकार गर्न बाध्य बनाउँछ । नेपालमा पीडितमैत्री प्रणाली कति संवेदनशील छ भन्ने प्रश्न बर्सेनि उठ्छ । प्रहरी प्रशासनदेखि न्यायिक निकायसम्म लैंगिक हिंसाका मुद्दामा हुने ढिलाइ, पीडकलाई संरक्षण गर्ने प्रवृत्ति, उजुरी फिर्ता गराउने दबाब र पुनःपीडनको चक्र आज पनि विद्यमान छन् । अभियान कम्तिमा यिनै खामीहरूलाई उजागर गर्ने एउटा अवसर हो ।

तेस्रो, यो अभियान संस्थागत सुधारको प्रेरक शक्ति बन्न सक्छ । विद्यालयमा 'सेफ स्पेस' कार्यक्रम, स्थानीय तहमा लैंगिक हिंसा निवारण कोष, महिला तथा बालबालिकामैत्री सेवा केन्द्रको विस्तार, मनोसामाजिक सल्लाहकारको व्यवस्थाजस्ता प्रयासहरू यही अभियानको प्रभावमा जन्मिएका छन् । यद्यपि यी कार्यक्रमहरू आफ्नै ढिलाइ र चुनौतीमा अल्झिएका छन्, तर अस्तित्व र आवश्यकता दुवै महत्वपूर्ण छन् ।

१६ दिनको अभियानले दिने अर्को ठूलो योगदान भनेको लैंगिक हिंसालाई 'व्यक्तिगत' होइन 'सामाजिक' समस्या बनाउने हो । हिंसा गर्नेको उद्देश्य पीडितलाई मात्र दबाउनु होइन, सम्पूर्ण समाजलाई डर, मौनता र असमानताको संस्कारमा बाँधिराख्नु हो । त्यसैले यो अभियानले बुझाउँछ–हिंसा विरुद्धको संघर्ष महिलाको मात्र होइन, पुरुष, तटस्थ समुदाय, सबै नागरिकको साझा दायित्व हो ।



यद्यपि चुनौती पनि कम छैन । अभियानका कार्यक्रम धेरैजसो शहरी केन्द्रित छन् । गाउँ, दुर्गम क्षेत्र, दलित-मधेसी-जनजाति समुदाय, श्रमिक महिला, अपांगता भएका महिला, तेस्रोलिंगी समुदाय–लैंगिक हिंसाको सबै भन्दा बढी जोखिममा हुने वर्ग अझै पनि सूचनाबाट टाढै छन् । यो विभेद हटाइएन भने १६ दिन वर्षेनि चलिरहने तर असर वर्षेनि झिनो हुँदै जाने खतरा छ ।

लैंगिक हिंसाका स्रोतहरू आज परम्परागत मात्र रहेनन् । डिजिटल दायरा हिंसाको नयाँ मैदान बनेको छ । अनलाइन दुर्व्यवहार, चरित्र हत्या, धम्की, फोटो-विडियो दुरुपयोग, साइबर ब्ल्याकमेल यस्ता हिंसाका रूप हुन् जसको असर दीर्घकालीन र कहिलेकाहीँ आत्महत्या जस्ता चरम परिणाममा पुग्छ । १६ दिनको अभियान अब पुरानै दृष्टिकोणमा सीमित हुन मिल्दैन । यसले डिजिटल सुरक्षा, साइबर कानून, डिजिटल साक्षरताजस्ता विषयलाई अँगाल्नैपर्छ ।१६ दिनको अभियान प्रभावकारी हुनुका लागि तीन तहमा सुधार अनिवार्य छ ।

पहिलो–राज्यको प्रतिवद्धता व्यवहारमा देखिनुपर्छ । कागजी योजना, विज्ञप्ति र गोष्ठीले कुनै पीडितको जीवन सुरक्षित गर्दैन । प्रहरीमा दर्ता भएको उजुरी तत्काल र निष्पक्ष रूपमा प्रक्रिया अघि बढ्ने, अदालतले समयमै सुनुवाइ गर्ने, पीडितले न्याय खोज्दा सुरक्षित महसुस गर्ने अवस्था बन्नुपर्छ ।दोस्रो–समाजको मानसिकता बदलिनुपर्छ । 'छोरीहरूले सहनुपर्छ', 'घरको लाज बाहिर पोख्न हुँदैन', 'सबै गलत महिलाबाटै सुरु हुन्छ' जस्ता विषालु भनाइहरू अन्त्य नगरेसम्म हिंसा पनि अन्त्य हुँदैन ।

तेस्रो–शिक्षा प्रणालीमा लैंगिक समानताको मूल्य जीवनका प्रारम्भिक चरणमै रोपिनुपर्छ । पाठ्यक्रम, शिक्षक तालिम, विद्यालय वातावरण–सबैले हिंसा-विरोधी चेतनालाई प्राथमिकतामा राख्नुपर्छ ।

न्यायिक तथा प्रशासनिक प्रणालीलाई अझ प्रभावकारी र पीडितमैत्री बनाउनु अनिवार्य छ किनकि न्याय ढिलो हुनुभनेको न्याय नपाउनुसरह हो । जब परिवार, समुदाय, संस्थाले मिलेर साना-साना प्रयास गर्छन्, तबमात्र हाम्रा दिदीबहिनी, छोरीहरूका लागि सुरक्षित, सशक्त र भेदभावमुक्त समाज निर्माण गर्ने हाम्रो सपना वास्तविकतामा रूपान्तरित हुन्छ । यस्तो समाज जहाँ अधिकारहरू कागजमा मात्र होइन, जीवनमा अनुभूत हुन्छन् जहाँ हरेक महिला आत्मविश्वासका साथ 'म सुरक्षित छु' भन्न सक्छन् त्यो भविष्य हाम्रो सामूहिक प्रतिबद्धताबाट सम्भव हुन्छ । यो केबल १६ दिने अभियानको आवाजमात्र होइन, यो हरेक दिन, हरेक निर्णय र हरेक व्यवहारमा देखिने दीर्घकालीन प्रतिबद्धता हो ।

वर्षका ३६५ दिनै सम्मानको संस्कार बसाऔं । म दृढ छु हिंसामुक्त समाज सम्भव छ तर यसका लागि हरेक दिन, हरेक निर्णय र हरेक व्यवहारले समानता, सुरक्षा र सम्मानको मूल्य पुष्टि गर्नुपर्छ । आजबाटै सानो कदम चालौं : मौनता तोडौं, सहकार्यका हात बढाऔं र सम्मानको संस्कार बसाऔं । हरेक दिन मानव अधिकारको अभ्यास गर्ने दृढ संकल्प गरौं । जब हामी सबै मिलेर साना-साना कदम चाल्छौं, एक शब्द, एक व्यवहार, एक समर्थन, एक साहस त्यसैबाट भविष्य बदलिन्छ । तबमात्र परिवार, विद्यालय र समाजले छोरी र महिलालाई साँच्चै सुरक्षित महसुस गराउनसक्छ । त्यो दिन जब कुनै छोरी डरले होइन, आत्मविश्वासले सास फेर्छे, जब कुनै महिला मौनतामा होइन, सम्मानमा बाँच्न पाउछे, न्याय अपेक्षा होइन, अभ्यास बन्छ त्यही दिन हामीले खोजेको साँचो समानता, सम्मान, न्याय र भेदभावरहित समाजको सपना पूरा हुनेछ ।

१६ दिनको अभियानको अन्त्यै छैन भनेझैँ हिंसाको पनि अन्त्य छैन । तर पहिचान, आवाज उठाउने हिम्मत, संस्थागत सुधार र सामाजिक चेतनाको स्तर क्रमशः बढ्दै गएको तथ्य आशाजनक छ । अभियानको उद्देश्य १६ दिनमा समस्या समाधान गर्नु हैन, १६ दिनलाई परिवर्तनको 'टर्निङ प्वाइन्' बनाउनु हो । पीडितलाई मात्र हैन, समाजलाई नै सम्बोधन गर्ने, संरचनालाई सुधार गर्ने र नीति-नियमलाई दिगो रूपमा प्रभावकारी बनाउन दबाब बनाउने यही अभियानको वास्तविक शक्ति हो ।यस वर्षको अभियानले पनि हामीलाई स्मरण गराओस्–लैंगिक हिंसा कुनै 'महिलाको समस्या' होइन, यो राज्य, समाज र हाम्रो सामूहिक मूल्यप्रणालीको परीक्षा हो । १६ दिन आवाज उठाउने समय मात्र होइन, सुरुवात हो । परिवर्तनको बाटो लामो छ, तर यही मार्गलाई मजबुत बनाउने जिम्मेवारी हामी सबैको काँधमा छ ।

# प्रकृति संरक्षण र विपद् व्यवस्थापनमा सेना 'पहिलो र अन्तिम भरोसा'

सङ्गीता राई

कोशीटप्पु वन्यजन्तु आरक्षमा वन्यजन्तु तथा जैविक विविधता संरक्षण र विपद् व्यवस्थापनमा नेपाली सेनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

आरक्ष र वरपरका क्षेत्रमा अप्ठ्यारो अवस्थामा सेना 'सबैभन्दा पहिले र अन्तिम भरोसा'का रुपमा खटिइरहेको छ, जसले स्थानीय समुदाय, पर्यटक र वन्यजन्तुका लागि सुरक्षित वातावरण सुनिश्चित गरिरहेको छ ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले प्रकृति संरक्षण र जैविक विविधता कामय गर्ने सन्दर्भमा सेना अहोरत्र खटिइएर महत्वपूर्ण योगदान गरिरहेको बताउनुभयो । "कोशीटप्पुमा सेनाको मुख्य जिम्मेवारी वन्यजन्तु संरक्षण गर्नु र अवैध चोरी, सिकारी नियन्त्रण गर्नु हो", उहाँले भन्नुभयो, "यसका लागि आरक्षभित्र नियमित गस्ती, चोरी सिकारी गर्नेविरुद्ध कारबाही र संरक्षणसम्बन्धी कार्यक्रममा स्थानीय समुदायसँग सहकार्य गरिरहेको छ ।"

सहायक रथी बस्नेतले संरक्षित क्षेत्रभित्र हुने चोरी शिकारी, अवैध घुसपैठ र अन्य गैरकानुनी गतिविधि रोक्न निरन्तर निगरानी भइरहेको बताउनभुयो । यसबाट दुर्लभ जङ्गली जनावर र चराचुरुङ्गी सुरक्षित रहँदै आएका र स्थानीय समुदाय तथा पर्यटकका लागि विश्वासिलो वातावरण निर्माण भएको उहाँको भनाइ छ । सेनाले वन्यजन्तु संरक्षण, अवैध चोरी सिकारी नियन्त्रण, प्राकृतिक स्रोतको संरक्षण र विपद्मा उद्धार गर्दै स्थानीय समुदायका लागि भरपर्दो र विश्वासिलो साझेदारी गर्दै आएको छ । नियमित गस्ती, निगरानी र अपरेशनल गतिविधिका कारण आरक्षभित्रका दुर्लभ जङ्गली जनावर र चराचुरुङ्गी सुरक्षित रहँदै आएका छन् ।

विसं १८६९ मा सुरेन्द्रवीर विक्रम शाहको शासनकालबाट नेपालमा प्रकृति संरक्षणको थालनी भएको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको शिलालेखमा भेटिन्छ । नेपालको संरक्षण प्रयास विश्वकै सबैभन्दा प्राचीन मानिन्छ । कूल सैनिक सङ्ख्याको झण्डै १० प्रतिशत जनशक्ति प्रकृति संरक्षणमा परिचालित छन् । यो विश्वकै लागि उदाहरण हो ।

विसं २०३२ मा स्थापना भएको कोशीटप्पु वन्यजन्तु आरक्ष प्रारम्भमा १७५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको थियो । २०६१ सालमा मध्यवर्ती क्षेत्र थपिएपछि अहिले १७३ वर्ग किलोमिटर कायम भएको छ । सुनसरी-सप्तरी जिल्लाभित्र सप्तकोशी नदीले बनाएको टापुमा अवस्थित यो आरक्ष जङ्गली भैँसी (अर्ना) का कारण चर्चित छ । कोशीटप्पु रैथाने अर्ना पाइने एक मात्र संरक्षित क्षेत्र हो ।

आरक्षभित्र सप्तकोशीको बालुवाबाट बनेका टापु, सिसौँ र खयरका जङ्गल, बसाइँसराइ गर्ने चराचुरुङ्गी र अतिदुर्लभ खरमयुरका वासस्थान छन् । सन् १९८७ देखि यो आरक्ष रामसार सूचीमा सूचीकृत छ । जलचर प्रजाति घडीयाल, मगरगोही, सोंस (डल्फिन) र माछा पनि यहाँ पाइन्छ । कोशीटप्पुलाई 'चराहरूको राजधानी' समेत भनिन्छ । पक्षी अवलोकन र अध्ययनका लागि उत्कृष्ट गन्तव्यका रुपमा रहेको सो आरक्षलाई पूर्वी भारततर्फको क्षेत्रमा जैविक मार्गका रूपमा लिइन्छ । चितुवाबाहेक अन्य ठूलो मांसाहारी जनावरको सङ्ख्या न्यून भए पनि आरक्षले पूर्वी तराई, मधेस क्षेत्रको वन, वनस्पति, हावापानी र जैविक विविधताको प्रतिनिधित्व गर्दै आएको आरक्ष कार्यलयले जनाएको छ ।

हिमाल, पहाड तथा तराईको विशिष्ट जैविक विविधता, लोपोन्मुख वन्यजन्तु, जलचर, पक्षी र विविध वन पैदावारका कारण नेपाल प्रकृति प्रेमी, अनुसन्धानकर्ता र पर्यटकका लागि विश्वकै प्रमुख आकर्षणको केन्द्र बन्दै आएको छ । यस्ता प्राकृतिक स्रोत र जैविक विविधतालाई दीर्घकालसम्म संरक्षण गर्नु चुनौतीपूर्ण भए पनि सेनाले पाँच दशकदेखि अनवरतरुपमा सुरक्षाका लागि पहरा दिँदै आइरहेको प्रवक्ता बस्नेतले बताउनुभयो । सेनाले ३३ जिल्लामा अवस्थित १४ राष्ट्रिय निकुञ्जसहित आरक्ष र संरक्षण क्षेत्र सुरक्षा गर्दै आइरहेको छ ।

सेनाले वन्यजन्तु संरक्षण, अवैध गतिविधि नियन्त्रण, स्थानीय समुदायसँग सहकार्य, जैविक विविधता संरक्षणबारे जनचेतना विस्तार र पर्यावरणीय स्रोतको दीर्घकालीन उपयोग सुनिश्चित गर्दै आएको छ । विपद्को समयमा सेनाले उद्धार, राहत वितरण र पुनःस्थापनामा स्थानीय समुदायको भरोसा जितेको छ । कोशीटप्पु क्षेत्र सुरक्षार्थ खटिइएको श्री भीमकाली गुल्मले दैनिक गस्ती, चेकपोइन्ट, 'स्वीप अपरेसन', 'एम्बुस' तथा अन्य निगरानी गर्दै आएको छ । जङ्गली जनावरबाट हुने जोखिम, संरक्षणका उपाय तथा जैविक विविधताको महत्वबारे स्थानीय वासिन्दालाई सचेत पार्ने कार्य पनि नियमित रूपमा भइरहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।




स्थानीय समुदायसँगको सहकार्यमा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, जङ्गली जनावरलाई 'कोर इलाका'तर्फ फर्काउने, घाइते जनावरको प्राथमिक उपचार र स्वास्थ्यचौकीसम्म पुऱ्याउने तथा क्षतिपूर्ति दिलाउने काममा सेना सक्रिय छ । स्थानीय समुदायलाई संरक्षणसम्बन्धी तालिम, जनचेतना कार्यक्रम, जङ्गली जनावरसँग कसरी व्यवहार गर्ने, जोखिम हुँदा कसरी बच्ने भन्ने प्रशिक्षणसमेत सञ्चालन हुँदै आएका छन् । यस्ता कार्यक्रमले समुदाय-संरक्षित क्षेत्र सहकार्यलाई अझ मजबुद बनाएको सेनाको भनाइ छ ।

आरक्ष क्षेत्र खुला र मानव वस्ती नजिक हुँदा चोरी निकासी बढ्न सक्ने सम्भावनाप्रति सचेत रहँदै सेनाले सो गतिविधि रोक्न असरदार कारबाही गर्दै आएको छ । त्यसका लागि सेनाले घरेलु प्रविधिसमेत विकास गरेको छ । यसमा स्मार्ट पट्रोल, ट्र्याकिङ डिभाइज, ड्रोन, सिसिटिभी, भ्वाइस रेकर्ड जस्ता आधुनिक निगरानी उपकरण, डेटा व्यवस्थापन प्रणाली र अन्य प्रविधि समावेश छन् ।

संरक्षित क्षेत्रको सुरक्षा मात्र नभई सेना विपद् व्यवस्थापनमा समेत सक्रिय छ । बाढी, पहिरो, डुबान र अन्य प्राकृतिक विपद्मा समयमै उद्धार, राहत र पुनःस्थापनामा सेनाले खेलेको भूमिका स्थानीयबीचमा अविस्मरणीय छ । विसं २०३८ देखि कोशीटप्पुको संरक्षणमा सेना खटिइएको हो । सेना उपस्थितिपछि आरक्षभित्र पाइने दुर्लभ अर्नाको सङ्ख्या वृद्धि भएको आरक्ष कार्यालयले जनाएको छ ।

सन् १९७६ को गणनाअनुसार कोशीटप्पुमा ६३ वटा अर्ना थियो भने सन् २०२१ को गणनाअनुसार कोशीटप्पुमा चार सय ९८ वटा अर्ना रहेका छन् । आरक्ष प्रमुख भूपेन्द्रप्रसाद यादवका अनुसार, कोशीटप्पुमा स्तनधारी ४२, पक्षी ५३५, माछा १४१ र पुतली ७७ प्रजातिका छन् । विसं २०८० को गणनाअनुसार खरमयुर ३२ वटा र २०७९ को गणनाअनुसार डल्फिन १९ वटा रहेको प्रमुख यादवले जानकारी दिनुभयो ।

कोशीटप्पुमा धेरै जसो चराहरु साइबेरियाबाट आउने गरेका छन्, धेरैजसो चराहरु जाडो छल्न आउने गरेको यादबले बताउनुभयो । जङ्गली हात्ती, एकसिङ्गे गैँडा, ढाड नहुने प्राणी ५७ प्रजाति, जडिबुटी १८ प्रजाति, डाले घाँस ३३ प्रजाति, उन्यु १२ प्रजाति, कालो भूँडिफोर, सेतो भूँडिफोर, अजिङ्गर, सरिसृप, सुन गोहोरो, घडियाल गोही, निलगाई, चितल, रतुवा, लगुना, मलाह बिरालो, मगर गोहीलगायत दुर्लभ प्रजाति यहाँ रहेका छन् । रात्री गस्ती, आकस्मिक तैनाथी, सूचना सङ्कलन र विश्लेषणका कारण चोरी, विकारी तथा पैठारीका गतिविधिमा विगतका वर्षको तुलनामा उल्लेख्य कमी आएको सेनाले जनाएको छ । नेपाली सेना र कोशीटप्पु वन्यजन्तु आरक्षको संयुक्त टोलीले आर्थिक वर्ष २०७६/७७ देखि २०८१/८२ सम्मको अवधि विभिन्न अवैध क्रियाकलापमा संलग्न व्यक्तिबाट अवैध वन्यजन्तु तथा सामग्री बरामद गरेको छ । मध्यवर्ती क्षेत्र भनेको आरक्ष तथा निकुञ्जभित्रको महत्वपूर्ण संरचना भएकाले यसको संरक्षण हाम्रो पहिलो जिम्मेवारी हो, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष जङ्गबहादुर खड्काले भन्नुभयो, स्थानीय समुदायका समस्या बुझ्ने, उनीहरूलाई सहयोग गर्ने र ती समस्यालाई सरकारले सुन्नेगरी सम्बोधनका लागि पुऱ्याउने काम हाम्रो प्रमुख दायित्व हो ।

उहाँका अनुसार मानव-वन्यजन्तु द्वन्द्वका घटनामा स्थानीय बासिन्दाले भोग्ने पीडा र क्षति निकै चुनौतीपूर्ण हुने भएकाले यसको व्यवस्थापनमा समुदाय, नेपाली सेना र निकुञ्ज कार्यालयबीच सहकार्य गर्दै आएको बताउनुभयो । उहाँले भन्नुभयो,हात्ती वा अन्य वन्यजन्तुबाट बाली नोक्सान, घर भत्किने, ज्यान-धनको क्षति हुने जस्ता घटनामा राहत उपलब्ध भइरहे पनि धेरैजसो समयमा त्यो सहयोग ढिलो पुग्ने गरेको छ । राहत तथा क्षतिपूर्तिको प्रक्रिया सरल, छिटो र सहज हुने नीतिगत सुधार भए जनताले अझ प्रभावकारी सहयोग पाउने अध्यक्ष खड्काले बताउनुभयो ।

अध्यक्ष खड्काले द्वन्द्व न्यूनीकरणका लागि क्षति बढी हुने क्षेत्रपहिचान गरी अध्ययन अनुसन्धानलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ । उहाँले भन्नुभयो, "पहिले क्षतिको प्रकृति बुझेर तत्काल राहत व्यवस्थापन गर्नुपर्छ ।

# सुशासनमार्फत जनतामा आशा जगाउन वर्तमान सरकार केन्द्रित छः मन्त्री घिसिङले



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले मुलुकमा सुशासनको प्रत्याभूति गराउँदै जनतामा आशा जगाउन वर्तमान सरकार केन्द्रित भएको बताउनुभएको छ ।

राष्ट्रिय युवा परिषद् र नेपाल विजनेस इन्स्टिच्युटले संयुक्त रुपमा आयोजना गरेको नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन २०८२ लाई आज सम्बोधन गदै उहाँले लामो समयदेखिको आक्रोश र असन्तुष्टि जेनजी आन्दोलनका रूपमा प्रकट भएको बताउनुभयो ।

"सेवा प्रवाह, सुशासन, विकासमा 'डेलिभरी' दिन नसक्दा अहिलेको परिस्थिति सिर्जना भएको हो, राजनीतिक नेतृत्व सही नहुँदासम्म तलसम्म खराब देखिँदो रैछ", मन्त्री घिसिङले भन्नुभयो । उहाँले मुलुकका राजनीतिक र व्यवस्था परिवर्तन गर्न पुराना राजनीतिक दल र नेता सफल भए पनि परिवर्तनपश्चात समृद्धिको नेतृत्व गर्न चुकेको बताउनुभयो ।

पुराना ऐन कानुनले समृद्धिको जनचाहना पूरा गर्न रोकेको दाबी गर्दै मन्त्री घिसिङले निर्वाचन पछि आउने सरकारले विकासको बाधक त्यस्ता ऐन, कानुन र नीति परिवर्तन गर्नुपर्ने बताउनुभयो ।

मुलुक निर्वाचनमय भइसकेको जनाउँदै मन्त्री घिसिङले तोकिएको समयमै निर्वाचन हुनेमा आशङ्का नगर्न आग्रह गर्नुभयो । "सबै राजनीतिक दल निर्वाचन भाग लिन निर्वाचन आयोगमा दर्ता भएका छन्, तोकिएको समयमै निर्वाचन हुन्छ", उहाँले भन्नुभयो, "अहिले वुद्धिविवेक लगाउने समय हो, देशलाई सही दिशा दिन सक्ने नेतृत्व छान्नुस् ।"

राष्ट्रिय स्वतन्त्र पार्टीका उपासभापति स्वर्णिम वाग्लेले आर्थिक समृद्धिको जनआकाङ्क्षा पूरा हुन नसक्दा मुलुकमा असन्तुष्टि प्रकट हुँदै आएको उल्लेख गदै भ्रष्टाचार नियन्त्रण र सुशासन अनिवार्य सर्त भएको बताउनुभयो ।

स्वदेशी र विदेशी लगानीको सुरक्षा गर्न नसक्दा मुलुकमा लगानी नआउने जनाउँदै उहाँले जेन्जी आन्दोलनका क्रममा निजी क्षेत्रमाथि भएको आक्रमणले लगानीकर्ता हच्किएको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष ज्योत्सना श्रेष्ठले युवाले रोजगारी खोज्ने नभई नयाँ नयाँ इनोभेशन मार्फत रोजगारी सिर्जना गर्नुपर्ने बताउनुभयो। "प्रतिभा पलायन रोक्नुपर्छ, सरकार र शैक्षिक संस्थासँग सहकार्य गदै स्टार्टअप प्रवर्द्धन गर्न महासङ्घ लागिपरेको छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र पौडेलले वैदेशिक रोजगारबाट सीप र पुँजी लिएर फर्केका युवालाई स्वदेशमै उद्यमशीलतासँग जोड्न सक्नुपर्नेमा जोड दिनुभयो । सम्मेलनमा युवा उद्यमशीलता प्रवर्द्धन, चुनौती, सम्भावना, नीति निर्माणलगायत विषयमा सामूहिक छलफल हुनेछ । रासस

# राजनीतिक व्यक्ति उपकुलपति हुने व्यवस्था अन्त्य गर्नुपर्छ : प्रधानमन्त्री कार्की



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले कुलपति पदमा राजनीतिक व्यक्तिहरू रहने व्यवस्थाले विश्वविद्यालयहरूमा राजनीतिक हस्तक्षेप बढ्ने धारणा व्यक्त गर्नुभएको छ ।

त्रिभुवन विश्वविद्यालयको वार्षिक साधारणसभालाई बुधबार बोल्नु हुँदै प्रधानमन्त्री कार्कीले देशका सबै विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने व्यवस्थालाई हटाएर अनावश्यक राजनीति गर्ने बाटो बन्द गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "असारमा पारित हुनुपर्ने वार्षिक नीति कार्यक्रमका लागि मङ्सिर पर्खनुपर्ने अवस्था आयो, यो राम्रो होइन, विश्वविद्यालयलाई राजनीतिबाट मुक्त बनाउनुपर्छ ।"

विश्वविद्यालयहरु पनि शैक्षिक र प्रशासनिक रूपमा मात्रै नभई आर्थिक रूपमा समेत आत्मनिर्भर हुनुपर्नेमा प्रधानमन्त्रीको जोड थियो । "हरेक कुरामा सरकारमाथि भर पर्ने कुराले विश्वविद्यालयलाई स्वायत्त हुन दिँदैन ।", उहाँले भन्नुभयो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवम् विश्वविद्यालयका सहकुलपति महावीर पुनले अध्यादेश वा अन्य कानुनी प्रबन्ध गरी प्रधानमन्त्री कुलपति रहने व्यवस्था हटाउने सन्दर्भमा विज्ञहरुसँग छलफल भइरहेको जानकारी दिनुभयो ।

सभाले विश्वविद्यालयको आर्थिक वर्ष २०८२/८३ को विश्वविद्यालयको नीति कार्यक्रममा प्राज्ञिक तथा प्रशासनिक पक्षलाई पुनःरसंरचना गरिने निर्णय गरेको छ । यसै गरी विश्वविद्यालय मातहतका प्रादेशिक कार्यालयलाई क्षमतायुक्त बनाउँदै क्रमशः प्रादेशिक संरचनामा लैजाने निर्णय गरेको छ ।

सो प्रयोजनका लागि उच्चस्तरीय त्रिवि पुनःसंरचना आयोग बनाई विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसको शैक्षिक, भौतिक तथा प्रशासनिक कामको मूल्याङ्कन गरी आवश्यकताअनुसार समायोजन वा खारेज गर्ने कामअघि बढाउने नीति त्रिवि सभाले पारित गरेको छ ।

यसैगरी मानव संसाधन तथा जनशक्ति विकास, शैक्षिक तथा पाठ्यक्रम सुधार, परीक्षा सुधार, संस्थागत सुधार, सूचना प्रविधिमार्फत डिजिटल रुपान्तरण र अनुसन्धानका लागि स्रोतसाधनको व्यवस्था गरिने निर्णय भएको विश्वविद्यालयले जनाएको छ ।

त्रिविको नियमित तालिकाअनुसार गत असारमा पारित गरी कार्यान्वयन प्रक्रियामा जानुपर्ने नीति कार्यक्रमका सन्दर्भमा यसअघि विवाद सिर्जना भएपछि रोकिएको त्रिवि सभा बैठक बुधबार बसेको हो । रासस

## निजामती सेवाको साखलाई अझ उँचो बनाउनेछु : मुख्यसचिव अर्याल

काठमाण्डु । नवनियुक्त मुख्यसचिव सुमनराज अर्यालले निजामती सेवाको साखलाई अझ उँचो बनाउँदै सुशासन, सेवाप्रवाह, विकास निर्माण र समग्र रूपान्तरणको 'मियो'को रूपमा स्थापित गर्न अहोरात्र क्रियाशील रहने बताउनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आज पदवहाली गर्दै उहाँले आफ्नो कार्यकालमा देशको गौरव र प्रतिष्ठा वृद्धि एवं नागरिक सन्तुष्टि अभिवृद्धि नै सर्वोपरि लक्ष्य हुने स्पष्ट पार्नुभयो ।

"चुनौतीपूर्ण अवस्थामा मलाई प्राप्त हुन आएको



मुख्यसचिव पदको जिम्मेवारीलाई म निःस्वार्थ र निस्प्रिह भावले पूर्ण जिम्मेवारी बोधका साथ राष्ट्र र जनताको सर्वोत्तम हित हुनेगरी सम्हाल्न प्रतिबद्ध रहनेछु", मुख्यसचि अर्यालले भन्नुभयो । उहाँले आफू सम्पूर्ण शक्ति, सामर्थ्य, ज्ञान र अनुभव सार्वजनिक सेवालाई चुस्त र नागरिक-मैत्री बनाउँदै समग्र प्रशासनिक संयन्त्रलाई विकास र नतिजामुखी तुल्याउन केन्द्रित हुने विश्वास दिलाउनुभयो । रासस

# महेश बस्नेतलाई २४ घण्टाभित्र कानुनी दायरमा ल्याउन माग

काठमाण्डु । बाराको सिमरामा केही दिन अघि एमालेले शान्तिपूर्ण प्रदर्शन गरिरहेका जेनजीहरुमाथि गरिएको साङ्घातिक हमला र आज धनगढीमा युवामाथि दोहोरिएको नियोजित आक्रमणप्रति जेनजीहरुले ध्यानाकर्षण भएको बताएका छन् ।

बुधबार चार वटा जेनजी समूहले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै जेनजीको मागलाई सुन्नै नचाहने र उल्टै जेनजीहरुमाथि केपी ओली र महेश बस्नेतले सुरु गरेको साङ्घातिक हमलाको भर्त्सना गरेका हुन् ।

उनीहरुले विज्ञप्तिमा भनेका छन्,'हामीलाई थाहा छ यो जेनजी माथिको केवल आक्रमण होइन, जेनजीहरु विरुद्धको खुला युद्ध र लोकतान्त्रिक मूल्य-मान्यतामाथि गरिएको सुनियोजित ध्वंस हो । देशभर युवाहरू उठेर सुशासन, न्याय र पारदर्शिताको आवाज उठाइरहेका छन् तर केपी ओलीले गुण्डुमा बसेर सञ्चालन गरेको गुण्डाराजले देशलाई हिंसातर्फ धकेलिरहेको छ।'

सुशीला कार्की नेतृत्वको सरकारको मौनता केवल कमजोरी नभई एमालेले जेनजीहरु विरुद्ध गरेको गुण्डागर्दीको प्रत्यक्ष सहमति भएको जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

'हामी स्पष्ट पार्न चाहन्छौ, जेनजीहरु माथिको दमन, आतङ्क र हिंसा बन्द नहुने हो भने, यसको जिम्मा पूर्ण रूपमा सरकार र एमाले नेतृत्वले नै वहन गर्नुपर्नेछ। जेनजी युवामाथि चोट पुऱ्याउने हात सरकारले कानुनको कठघरामा उभ्याउँदैन भने हामी जेनजीहरु चुपचाप बस्नेछैनौं,'विज्ञप्तिमा अगाडि भनिएको छ ।

जेनजीहरुले तुरुन्तै महेश बस्नेतलाई पक्राउ गरी २४ घण्टाभित्र कानुनी दायरामा ल्याउन सरकारसँग जोडदार माग गरेका छन् ।

# 'म किसान-मजदुरको छोरा र जनताको सेवक हुँ, प्रधानमन्त्री बन्ने रुचि छैन'



**टुडे समाचारदाता**

धादिङ । नेपाली कम्युनिस्ट पार्टीका पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफूलाई प्रधानमन्त्री बन्न आवश्यक नरहेको उल्लेख गर्दै जनताको सेवकको रूपमा सधैँ काम गर्ने बताएका छन् ।

उनले बेनिघाट रोराङ गाउँपालिकाको नयाँ प्रशासकीय भवन उद्घाटन समारोहलाई सम्बोधन गर्दै स्थानीय विकास, राष्ट्रिय राजनीति र वर्तमान परिस्थिति र नेपाली कम्युनिष्ट पार्टीकाबारेमा विस्तृत धारणा राखे ।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष कृष्ण बहादुर थपलियाले गरेको काम र जनताप्रतिको सेवा भावबाट आफू प्रभावित भएको बताउँदै प्रचण्डले भने, "सम्बोधनको क्रममा उहाँले आफ्नो भावना व्यक्त गर्नुभयो । म भगवान् होइन। तपाईँहरूको सेवाको निम्ति धेरै वर्षदेखि समर्पित जनताको सेवक हुँ । तै पनि कृष्ण थपलिया जीले मलाई जुन रूपमा प्रस्तुत गर्नुभयो उहाँको भावना र स्पिरिटलाई म कदर गर्छु र उहाँलाई धन्यवाद भन्न चाहन्छु।"

थपलियाले व्यक्त गरेको सम्मान र भावना प्रति कदर व्यक्त गर्दै उनले धन्यवाद दिए । समारोहमा पार्टी नेता राजेन्द्र पाण्डेले आगामी निर्वाचनपछि प्रचण्डलाई फेरि प्रधानमन्त्रीको रूपमा देख्न चाहेको बताएपछि संयोजक प्रचण्डले भने "मलाई अब प्रधानमन्त्री नै भएर मात्रै देशको काम गर्न सकिन्छ भन्ने त लागेको छैन। प्रधानमन्त्री बन्ने त्यस्तो धेरै रुचि र त्यसको निम्ति चाहिँ मरिहत्ते इच्छा पनि छैन। तर देशले माग्यो, जनताले माग्यो भने फेरि जिम्मेवारीबाट पन्छिने पनि मेरो प्रकृति होइन।"

उनले पाण्डेले व्यक्त गरेको भरोसाप्रति आभार व्यक्त गदै जनताले चाहने र देशले आवश्यक ठानेमा जिम्मेवारीबाट कहिल्यै पछि नहट्ने बताए ।

# जेनजी आन्दोलनका सहिदः जेनजी आन्दोलनले दीपकको सपनाको उडान रोकियो



काठमाण्डु । बैतडीको शिवनाथ गाउँपालिका-२ मडैगाउँ स्थायी घर भई कोरियाली भाषा अध्ययनका लागि काठमाडौँ आउनुभएका १८ वर्षीय दीपकबहादुर साउदको कोरिया गएर परिवारको आर्थिकस्तर उकास्ने सपना जेनजी आन्दोलनको क्रममा सपनामै रोकियो ।

गत भदौ २४ गते काठमाडौँको कालीमाटी क्षेत्रमा भएको आन्दोलनमा प्रहरीको गोली लागेर उहाँको आँखामा चोट लागेको थियो र उक्त गोलीले मस्तिष्कमा पनि असर गरेकाले त्यसकै कारण 'ब्रेन डेड' भई मृत्यु भएको थियो ।

आन्दोलनको पहिलो दिन भदौ २३ गते साँझ आफ्नै छोरासँग अन्तिम संवाद गर्ने अवसर पाउनुभएकी आमा लक्ष्मी साउदका आँखा अझैसम्म पनि रसाएका छन् । छिमेकी र आफन्तले सात्वना दिन आउँदा पनि उहाँ सम्हालिन सक्नुहुन्न । भदौ २३ गते काठमाडौँमा १७ जना र सुनसरीमा दुई युवाको मृत्युको खबर सुनेपछि आमा लक्ष्मीले छोरालाई आन्दोलनमा नजान, कोठामै बस्न वा घर फर्किन भन्नुभएको थियो । "मैले भनेको मानेको भए सायद मेरो छोरो हामीसँगै हुन्थ्यो होला", आमा सम्झिनुहुन्छ ।

तर दीपकले आफ्नो उमेर समूहका साथीहरूले दिएको बलिदान र देशमा व्याप्त भ्रष्टाचारविरुद्धको आन्दोलनमा सहभागी हुने इच्छा व्यक्त गदै आमासँग भन्नुभएको थियो,

"यदि मेरा साथीहरू
जान्छन् भने म पनि जानेछु ।
यसमा मलाई नरोक्नु आमा ।
आन्दोलनमा जाँदैमा मरिन्छ भन्ने
पनि होइन ।"

"यदि मेरा साथीहरू जान्छन् भने म पनि जानेछु । यसमा मलाई नरोक्नु आमा । आन्दोलनमा जाँदैमा मरिन्छ भन्ने पनि होइन ।"

आन्दोलनमा सहभागी भएसँगै भदौ २४ गते बेलुकीदेखि उहाँसँग मोबाइलमा सम्पर्क टुटेको भाउजू सरस्वती साउद बताउनुहुन्छ । दीपक दुई जना अन्य साथीसँग काठमाडौँको कीर्तिपुरमा कोठा लिएर बस्दै आउनुभएको थियो । बेलुकी साथीहरूले दीपक घाइते भएर अस्पताल लगिएको र उपचार भइरहेको जानकारी दिएका थिए तर भदौ २५ गते बिहान अप्रत्याशित रूपमा उहाँको निधनको खबर परिवारले पायो । "त्यो खबरले घरको आशा र भरोसा दुवै तोडिदियो", भाउजू सरस्वती भन्नुहुन्छ, "यस्तो खबर सुन्नुपर्‍यो भनेर कसैले सोचका पनि थिएनौँ ।"

दीपक पढाइमा पनि अत्यन्त मेहनती हुनुहुन्थ्यो । घर नजिकैको विद्यालयमा ११ कक्षा अध्ययन गर्दैगर्दा कोरियन भाषा परीक्षाको तयारीका कारण विद्यालय नजाँदै एकैपटक १२ कक्षा उत्तीर्ण गर्नुभएको थियो । पाँच भाइमध्ये तेस्रो दीपकका दुई भाइ गाउँकै विद्यालयमा पढ्दैछन् भने दुवै दाजु रोजगारीका लागि भारतको मुम्बइमा रहेका छन् । भाइको मृत्युको घटनाको खबर पाएपछि मुम्बइबाट गत भदौ २७ गते मात्रै जेठा दाजु वीरेन्द्र काठमाडौँ आउनुभएको थियो । चिकित्सकले वीरेन्द्रसँग भाइको आँखामा गोली लागेर 'ब्रेन डेड' भएर मृत्यु भएको बताएका थिए । वीरेन्द्र भन्नुहुन्छ, "हामी आउँदासम्म भाइको शव ट्रमा सेन्टरमा राखिएको थियो । भिडियो एक्सरे हेर्दा एक आँखामा गोली लागेको देखियो ।"

वीरेन्द्र थप्नुहुन्छ, "अब केही गरे पनि मेरो भाइ फर्किने छैन तर आन्दोलनमा गएर ज्यान गुमाएका युवाहरूको उद्देश्य सरकारले पूरा गर्नैपर्छ ।" गाउँलेहरू पनि दीपकको बलिदान सम्झँदै दुःख व्यक्त गर्छन् । दीपक आफ्नो गाउँमा इमान्दार र सहयोगी युवा भनेर परिचित हुनुहुन्थ्यो । शिवनाथको मडैगाउँले एक होनहार युवा गुमाएको छ ।

सरकारले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा ज्यान गुमाएका ४५ जना युवालाई सहिद घोषणा गरिसकेको छ, जसमा दीपक पनि एक हुनुहुन्छ । उहाँको परिवारको एउटै भनाइ छ, सहिद घोषणा मात्र पर्याप्त छैन उनीहरूले उठाएका माग पूरा गर्न सरकारको इच्छाशक्ति, राजनीतिक दल र नागरिक समाजलगायत सवै पक्षको सहयोग अपरिहार्य छ । दीपकको कथा केबल व्यक्तिगत पीडा मात्र होइन, यो त्यस पुस्ताको आवाज हो, जसले भ्रष्टाचार र असमानताविरुद्ध देशमा उज्यालोको आशा बोकेको छ । रासस

# महावाणिज्य दूतावास कोलकताको क्षेत्राधिकार सीमित हुँदा समन्वयमा समस्या



कोलकता । नेपालका आयातकर्ताले भारतको कोलकता र हल्दिया पोर्टबाट स्थलमार्ग हुँदै कन्टेनरमा समान ओसार्दा भारतको झारखण्ड र विहार राज्यमा विभिन्न समस्या झेल्दै आइरहेका छन् ।

तेस्रो मुलुकबाट समुन्द्रीमार्ग हुँदै आयात भएका सामान वीरगञ्जमा रेल्वेऱ्याक वा ट्रक/कन्टेनरमा ढुवानी गरेर ल्याउने गरिन्छ । नेपालका आयातकर्ताले स्थलमार्ग हुँदै ल्याउने सामानमा विशेष गरी झारखण्ड र विहार राज्यका प्रहरीलाई अत्यधिक भारवाहन र कन्टेनरको उचाइ बढी भएपछि जरिवाना तिर्नुपर्नेलगायत समस्या रहेका छन् । वीरगञ्जका उद्योगी/व्यवसायीले पनि स्थलमार्ग हुँदै मालवाहक सवारीसाधन ल्याउँदा विभिन्न ठाउँमा उल्झन बेहोर्नुपरेको गुनासो गर्दै आइरहेका छन् ।

नेपाल कार्गो ह्यान्डिलिङ एजेन्ट एसोसिएसन कोलकाताका सचिव महेन्द्रकुमार दुगडले कोलकता हुँदै वीरगञ्ज भन्सार कार्यालयसँग मालवाहक ट्रक ढुवानी गर्दा विहार र झारखण्ड राज्यमा भारतीय प्रहरीबाट झन्झट बेहोर्नुपरेको गुनासो गर्नुभयो ।

"स्थलमार्गबाट मालवाहक सामान लैजाँदा भारतको झारखण्ड र विहारमा प्रहरीबाट विभिन्न किसिमका दण्ड जरिवाना लगाउने प्रवृत्तिको अन्त्य हुन जरुरी देखिएको छ", उहाँले भन्नुभयो, "कहिले मालवाहक ट्रकको तौल बढी भयो, कहिले कन्टेनरको उचाइ बढी भयो भन्दै विभिन्न बाहाना बनाएर कारबाहीमा पर्ने गरेका छन् । त्यस्ता खालका समस्या समाधान हुन जरुरी छ ।"

नेपाली महावाणिज्य दूतावास कोलकताका महावाणिज्यदूत झक्कप्रसाद आचार्यले नेपालका व्यापारी तथा व्यवसायीको ट्रक र कन्टेनरमार्फत मालसमान ढुवानी गर्दा भारतको झारखण्ड र विहार राज्यमा बेलाबखत समस्या भोग्नुपरेको गुनासो आइरहेको बताउनुभयो ।

"नेपालका व्यापारीले स्थलमार्ग हुँदै समान ढुवानी गर्न झारखण्ड र विहार राज्यमा मालवाहक सवारीसाधनको तौल बढी भएको तथा उचाइ बढी भएका गुनासा आइरहेका छन्", उहाँले भन्नुभयो, "महावाणिज्य दूतावासलाई भारतको पश्चिम बङ्गाल राज्यभित्रको मात्रै क्षेत्राधिकार तोकिएकाले पनि फरक राज्यमा समन्वय र सहकार्य गर्न अप्ठेरो भइरहेको छ । यद्यपि हामीले आफ्नोतर्फबाट गर्नुपर्ने समन्वय गरिरहेका छौँ ।"

नेपालले तेस्रो मुलुकबाट आयात गर्ने सामान समुद्रीमार्ग हुँदै कोलकता र हल्दिया पोर्ट हुँदै स्थलमार्गबाट करिब ८०० किलोमिटरको दूरीमा रहेको छ । त्यस्तै ती दुवै पोर्टबाट रेल्वेऱ्याकबाट पनि मालसामान ढुवानी गर्न सकिन्छ ।

महावाणिज्यदूत आचार्यले नेपालका लागि विश्वभरबाट समुद्रीमार्ग हुँदै आउने आयातित वस्तुहरू सहज रूपमा ढुवानी गर्न महावाणिज्य दूतावासले व्यापारमा सहजीकरण गर्दै आइरहेको बताउनुभयो । "तेस्रो मुलुकबाट समुद्रीमार्ग हुँदै आउने तथा कोलकाता र हल्दिया बन्दरगाह हुँदै आउने सामानलाई सहजीकरण मात्रै नभएर आवश्यक समन्वय पनि गर्दै आइरहेका छौँ", उहाँले भन्नुभयो, "कोलकतास्थित भारतीय निकायसँग समन्वय र सहकार्य गरेर नेपाली आयातकर्ताको सामान सहज र प्रभावकारी रूपले व्यवस्थापन गर्ने प्रयत्न गर्दै आइरहेका छौँ ।"

कोलकता पोर्ट हुँदै ६० प्रतिशत मालवाहक सामान रेल्वेऱ्याकमार्फत कन्टेनर ल्याइन्छ भने ४० प्रतिशत मालवाहक सामान ट्रकमा ओसार्ने गरिन्छ । महावाणिज्यदूत आचार्यले कोलकता महावाणिज्य दूतावासको क्षेत्राधिकार झारखण्ड, विहार र आन्ध्रा प्रदेशमा अवस्थित विशाखापट्नमसम्म वृद्धि गर्न आवश्यक भएको बताउनुभयो । रासस

# थाई विदेशमन्त्री : म्यान्माको आगामी निर्वाचन स्वतन्त्र वा विश्वसनीय हुने अवस्था छैन

एएफपी । थाइल्यान्डका विदेशमन्त्री सिहासाक फुआंगकेटकोले आगामी महिनादेखि सुरु हुन लागेका म्यान्माका निर्वाचनहरू स्वतन्त्र र विश्वसनीय दुवै नहुने स्पष्ट रूपमा बताउँदै हिरासतमा रहनुभएकी लोकतान्त्रिक नेत्री आङ सान सुकीको तुरुन्त रिहाइको आह्वान गर्नुभएको छ।



सन् २०२१ को सैन्य विद्रोहपछि म्यान्मा सरकारले निर्वाचित जनादेश पाएको आङ सान सुकीको नेतृत्वको सरकारलाई अपदस्थ गर्दै सत्ता हातमा लिएको थियो । त्यसपछिका वर्षहरूमा तीव्र गृहयुद्ध भडकिएको छ।

सैन्य जुन्ताले यो चुनावलाई मेलमिलाप र स्थिरतामा फिर्ता जाने अवसरका रूपमा चित्रण गर्दै आएको भए पनि आङ सान सुकी तथा विघटन गरिएको उहाँको पार्टी नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) लाई सहभागी हुन नदिइएकोले चुनावी प्रक्रियामाथि गम्भीर प्रश्न उठेको छ।

सेना वा सेनाका सहयोगीहरूको नियन्त्रण नभएका देशका क्षेत्रहरूमा मतदान नै नहुने सरकारी घोषणाले विश्लेषकहरूलाई झन् चिन्तित बनाएको छ । विज्ञहरूले यो चुनावलाई सैन्य शासनलाई निरन्तरता दिन खोजिएको 'औपचारिक बहाना' मात्र भएको टिप्पणी गरेका छन्।

थाइल्यान्डका विदेशमन्त्रीले मङ्गलबार राति सञ्चारकर्मीहरूसँग भन्नुभयो, "हामी यसलाई स्वतन्त्र र विश्वसनीय बन्ने अपेक्षा राख्छौँ, तर त्यसो नहुने यथार्थ हामी सबैलाई थाहा छ । मेरो धारणा अनुसार हामी यस्ता चुनावलाई मान्यता दिने अवस्थामा रहनेछैनौँ।" यद्यपि उहाँले सन् २०१० को म्यान्मा निर्वाचनलाई उदाहरण दिँदै अपूर्ण चुनावले पनि कहिलेकाहीँ राजनीतिक सुधारतर्फ अघि बढ्ने बाटो खोल्न सक्ने बताउनुभयो। सन् २०१० को मतदानमा जनरल थेइन सेन राष्ट्रपति निर्वाचित भएपछि आङ सान सुकी रिहा हुनुका साथै अर्को निर्वाचनमा एनएलडीले विजय हासिल गरेको प्रसङ्ग उहाँले स्मरण गराउनुभयो। "सायद अपूर्ण भए पनि यो चुनावले देशलाई स्थिरता र लोकतन्त्रतर्फ फर्काउने अवसर दिन सक्छ", उहाँले बैङ्ककमा भन्नुभयो।

छिमेकी मुलुकका रूपमा थाइल्यान्डले म्यान्माको द्वन्द्वबाट विस्थापित लाखौँ नागरिकलाई आश्रय दिइरहेको छ। म्यान्माको बिग्रँदो आर्थिक अवस्थाका कारण रोजगारी खोज्दै देश छोड्नेको सङ्ख्या पनि उल्लेख्य छ।

फ्रान्सका लागि पूर्व राजदूतसमेत रहनुभएका सिहासाकले ८० वर्षीया नेत्री आङ सान सुकीलाई मानवीय आधारमा तुरुन्त रिहा गर्न म्यान्मा अधिकारीहरूलाई आग्रह गर्नुभयो। "उहाँलाई अहिले मुक्त गर्नु अत्यावश्यक छ। यस्तो अवस्थामा सही कुरा भन्नु नै उचित हुन्छ । उहाँ लामो समयदेखि हिरासतमा हुनुहुन्छ, उहाँको स्वास्थ्यको अवस्थाबारे हामी अज्ञात छौँ", उहाँले गम्भीर रूपमा भन्नुभयो।

म्यान्मामा पहिलो चरणको मतदान डिसेम्बर २८ देखि सुरु हुनेछ भने दोस्रो चरण जनवरी ११ का लागि तय गरिएको छ। तर त्यसपछिका चरण तथा अन्तिम परिणाम कहिले सार्वजनिक गरिने भन्नेबारे सरकारद्वारा कुनै जानकारी दिइएको छैन।

## जकार्तामा कुकुर, बिरालो र चमेरोको मासु बेच्न प्रतिबन्ध

एएफपी। इन्डोनेसियाको राजधानी जकार्तामा रेबिज सङ्क्रमण नियन्त्रणका लागि कुकुर, बिरालो र चमेरोको मासु बेच्न र उपभोगमा प्रतिबन्ध लगाइएको शहरका गभर्नरले मङ्गलबार जानकारी दिएका छन्।

जकार्ताका गभर्नर प्रमोनो अनुङले सामाजिक सञ्जालमा एक विज्ञप्ति जारी गर्दै भन्नुभयो, "खानाको उद्देश्यका लागि रेबिज सार्ने जनावरहरूको मासु बेच्न नगर प्रशासनले प्रतिबन्ध लगाएको छ। यसका लागि मैले निर्णयमा हस्ताक्षर गरिसकेको छु।"

एएफपीले देखेको एक पत्रमा प्रमोनोले सोमबार हस्ताक्षर गरेको उक्त नियम लागू हुनुअघि छ महिनाको छुट अवधि प्रदान गरेको छ।

उल्लंघनकर्ताहरूले लिखित चेतावनीदेखि व्यापार इजाजतपत्र रद्द गर्नेसम्मको प्रतिबन्धको सामना गर्न सक्छन् ।

गभर्नरले अनुङले भन्नुभयो, "यो प्रतिबन्ध जीवित जनावर, मासु वा अन्य कच्चा वा प्रशोधित मासुजन्य उत्पादनहरूमा लागू हुनेछ। सम्बन्धित सबै गतिविधिहरू खाद्य उद्देश्यका लागि लक्षित रेबिज सार्ने जनावरहरूको बेचविखन नियन्त्रणका लागि लागु गर्न लागिएको हो।"

इन्डोनेसिया कुकुर र बिरालोको मासु बेच्न अनुमति दिने थोरै देशहरू मध्ये एक हो। देशका अन्य स्थानमा पनि मासु बेच्ने अनुमति दिने अभ्यासकोविरूद्ध अभियानले गति लिएको छ। हालका वर्षहरूमा केही सहरले केही जनावरको मासुको बेचबिखनमा स्थानीय प्रतिबन्ध लगाएका छन्।

पशु अधिकारकर्मीहरूले जकार्ता प्रतिबन्धलाई पशु अधिकारका लागि सही दिशामा अघि बढ्ने एक कदम प्रगतिको रूपमा प्रशंसा गरेका छन्।

## अफगानिस्तान हवाइ आक्रमणमा पाकिस्तानको संलग्नता नरहेको दाबी, अफगानिस्तानद्वारा 'जवाफी कारबाही' गर्ने चेतावनी

एएफपी । अफगानिस्तानको तालिबान सरकारले रातभर भएको घातक हवाई हमलाका लागि पाकिस्तानमाथि आरोप लगाउँदै यसको 'उचित प्रतिक्रिया' दिने बताएको छ। तर पाकिस्तानले अफगानिस्तानमा भएको आक्रमणमा आफ्नो संलग्नता नरहेको जनाएको छ।

खोस्त प्रान्तमा भएको हवाई आक्रमणमा नौ बालबालिका र एक महिलाको मृत्यु भएको तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले एक्समा पोस्ट गर्दै जानकारी गराउनुभएको छ। अफगानिस्तानले आक्रमणमा पाकिस्तानीसेनाले'स्थानीय नागरिकको घर' लाई लक्षित गरेको बताएको छ।



एएफपीका एक संवाददाताका अनुसार पाकिस्तानको सीमा नजिकैको लक्षित क्षेत्रका बासिन्दाहरूले भत्किएको घरको भग्नावशेषमा पुरिएका आफन्तको खोजी गरेका छन्।

"आम मानिसमाथि बम नबर्साइयोस् किनकि नागरिकहरूले कुनै गलत काम गरेका छैनन्", जिगे मुगलगाई क्षेत्रका बासिन्दा साजिदुल रहमानले भन्नुभयो।

खोस्तका गभर्नरका प्रवक्ता मुस्तगफिर गुरबुजले ड्रोन सहितको विमानबाट आक्रमण गरिएको बताउनुभयो।

सरकारका प्रवक्ता मुजाहिदले कुनार र पक्तिका नजिकैको सीमावर्ती क्षेत्रमा पनि आक्रमण भएको र कम्तीमा चार जना घाइते भएको जानकारी दिनुभयो।

मुजाहिदले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "अपगानिस्तान यस उल्लङ्घनको कडा निन्दा गर्दछ र आफ्नो हवाई क्षेत्र र जनताको रक्षा गर्नु उसको वैधानिक अधिकार हो र उसले सही समयमा उचित प्रतिक्रिया दिनेछ।"

पाकिस्तानले कुनै पनि आक्रमण नगरेको दाबी गरेको छ। पाकिस्तानी सेनाका प्रवक्ता लेफ्टिनेन्ट जनरल अहमद शरिफ चौधरीले पाकिस्तानले अफगानिस्तानमा आक्रमण नगरेको बताउनुभएको छ।

उहाँले भन्नुभयो, "जब हामी आक्रमण गर्छौं, त्यसलाई खुला र उचित रूपमा घोषणा गरिन्छ । [illegible] कहिल्यै पनि सर्वसाधारणमाथि आक्रमण गर्दैन । अफगानी अन्तरिम सरकारको आरोप निराधार छ।"

पाकिस्तानको पेशावर स्थित अर्धसैनिक बल सङ्घीय कन्स्टेबुलरी फोर्सको मुख्यालयमा सोमबार भएको आत्मघाती आक्रमणमा परी तीन अधिकारीको मृत्यु हुनुका साथै अन्य ११ जना घाइते भएका थिए।

अहिलेसम्म कुनै पनि समूहले यसको जिम्मेवारी लिएको छैन, तर राज्य सञ्चालित टेलिभिजन पिटिभीले आक्रमणकारीहरू अफगान नागरिक भएको जनाएको छ।

पाकिस्तानका राष्ट्रपति आसिफ जर्दारीले तेहरिक-ए-तालिबान पाकिस्तान (टिटिपी) लाई स्थानीय भाषामा उल्लेख गर्दै विदेशी समर्थित 'फितना अल-खवारिज' ले अफगानिस्तानको भूमिबाट आक्रमण गरेको गरेको आरोप लगाउनुभएको छ।

यसै महिना पाकिस्तानको राजधानी इस्लामावादस्थित एक अदालत बाहिर भएको अर्को आत्मघाती बम विस्फोटमा परी १२ जनाको मृत्यु भएको थियो। यसको जिम्मेवारी पाकिस्तानी तालिबानको एक गुटले लिएको थियो।

इस्लामाबादले राजधानी हमलाको पछाडि रहेको अफगानिस्तानमा रहेको लडाकू समूहको उच्च कमाण्डबाट निर्देशित भएको बताएको छ।

**तनावमा युद्धविराम**

पाकिस्तानका सूचनामन्त्री अताउल्लाह तरारले मङ्गलबार पत्रकारहरूसँग इस्लामाबाद आक्रमणमा अफगान तालिबानको संलग्नता रहेको स्पष्ट प्रमाण भेटिएको बताउनुभयो।

उहाँले हिरासतमा रहेका चार संदिग्धमध्ये एकको कथित स्वीकारोक्ति उहाँले पोष्ट गरेको भिडियोमा भन्नुभयो, "आक्रमणमा अफगानिस्तान पूर्ण रूपमा संलग्न छ र तिनीहरूको माटो पनि संलग्न छ । त्यहाँ आश्रय लिइरहेका व्यक्तिहरू पनि संलग्न छन्।"

सन् २०२१ मा काबुलमा तालिबान सत्तामा आएपछि इस्लामाबाद र काबुलबीचको सम्बन्ध बिग्रिएको छ र अक्टोबरमा सीमा भिडन्तमा दुवै पक्षका करिब ७० जनाको मृत्यु भएको थियो।

कतार र टर्कीको मध्यस्थतामा युद्धविरामसँगै त्यो लडाइँ समाप्त भएको थियो तर दोहा र इस्तानबुलमा भएका धेरै चरणको वार्ता दिगो सम्झौता गर्न असफल भएका छन्।

विशेषगरी पाकिस्तानले काबुलले टिटिपी लडाकूहरूलाई नियन्त्रण गर्नुपर्ने मागमा सुरक्षा मुद्दाहरू अड्किएका छन्।

इस्लामाबादले तालिबानले आक्रमणमा वृद्धि भएका आतङ्कवादीहरूलाई आश्रय दिएको आरोप लगाएको छ, विशेष गरी टिटिपीले वर्षौंदेखि पाकिस्तानविरुद्ध रक्तपातपूर्ण अभियान चलाइरहेको छ।

पाकिस्तानले अफगानिस्तानप्रति शत्रुतापूर्ण सम्बन्ध रहेका समूहहरूलाई आश्रय दिने र आफ्नो सार्वभौमिकताको सम्मान नगर्ने गरेको आरोपको काबुलले खण्डन गर्दै आएको छ।

अक्टोबरमा भएको झडपपछि छिमेकी देशबीचको सीमा छ हप्ताभन्दा बढी समयदेखि बन्द छ, जसले द्विपक्षीय व्यापार ठप्प पारेको छ।

पाकिस्तान-अफगानिस्तान संयुक्त वाणिज्य तथा उद्योग चेम्बरले सीमामा हजारौँ कन्टेनर अड्किएको र प्रत्येकमा दैनिक १५० देखि २०० डलर शुल्क तिर्नुपर्ने भएको बताएको छ।

## भारतमा नयाँ श्रम संहिता विरुद्ध हजारौँ श्रमिकको देशव्यापी प्रदर्शन

बिबिसी । भारत सरकारले लागू गरेको नयाँ श्रम संहिताविरुद्ध देशभरका हजारौँ ट्रेड युनियन तथा कामदारहरूले बुधबार व्यापक विरोध प्रदर्शन गरेका छन् । युनियनहरूले नयाँ कानूनले श्रमिकहरूको हासिल गरिएका अधिकारहरू कमजोर पार्ने, कर्पोरेट शोषणलाई बढावा दिने र दीर्घकालीन श्रम सुरक्षालाई चुनौती दिने आरोप लगाएका छन्।

भारतजस्तो विश्वको पाँचौँ ठूलो अर्थतन्त्रले गत हप्ता लामो समयदेखि प्रतीक्षित श्रम सुधार लागू गरेको थियो, जसले औपनिवेशिक कालका श्रम कानूनहरूलाई प्रतिस्थापन गर्दै जटिल नियमन प्रणालीलाई सरल बनाउने उद्देश्यमध्ये रहेको बताइएको छ।

नयाँ सुधारले २९ विद्यमान श्रम कानूनलाई चार प्रमुख कोडमा समेटिएको छ, जसका कारण एक हजार ४०० भन्दा बढी नियम घटेर करिब ३५० मा सीमित भएका छन्। तर श्रमिक सङ्गठनहरूले भने सुधारको संरचनाले मजदुर हितमाथि प्रहार गरेको दाबी गरेका छन्।

न्यु ट्रेड युनियन इनिसिएटिभका नेता गौतम मोदीका अनुसार विभिन्न क्षेत्रका श्रमिकहरूले कारखानाबाहिर र सहरका प्रमुख स्थानहरूमा प्रदर्शन गर्दै सरकारप्रति असन्तुष्टि व्यक्त गरेका छन्। "मजदुरहरूलाई सरकारले अन्धो बनाएको छ", उहाँले भन्नुभयो, "हामी कानूनअगाडि निष्पक्षता, न्याय र समानता चाहन्छौँ, जुन नयाँ संहिताले अस्वीकार गरेको छ।"

नयाँ नियमावलीले सुरक्षा मापदण्ड बलियो बनाउने तथा गिग (अस्थायी) कामदारहरूलाई सामाजिक सुरक्षाका केही लाभ सुनिश्चित गर्ने व्यवस्था गरे पनि यसले कारखाना सिफ्ट लामो बनाउने, हड्ताल गर्ने प्रक्रिया जटिल बनाउने र मध्यम आकारका उद्योगमा कामदार बर्खास्त गर्न सजिलो बनाइदिने प्रावधान सामेल गरेको युनियनहरूको आरोप छ।

विशेष रूपमा विवादास्पद प्रावधानमध्ये एकले १०० भन्दा बढी कर्मचारी भएका कम्पनीहरूले छटनी गर्ने विषयमा सरकारको अनुमति लिनुपर्ने पुरानो सीमा ३०० मा पुर्‍याएको छ। यसले ३०० जनासम्म कर्मचारी भएका छन्।

## एनपिएल: जनकपुरका खेलाडीले आमाको नाम लेखिएको जर्सीमा खेल्ने




काठमाण्डु । दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) मा जनकपुर बोल्ट्सले 'आमा स्पेसल जर्सी' लगाएर खेल्ने भएको छ। जनकपुरले बिहीबार हुने पोखरा एभेन्जर्सविरुद्धको खेलमा 'आमा स्पेसल जर्सी' लगाएर खेल्ने भएको छ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा जनकपुर बोल्ट्सका व्यवस्थापक निरोज खतिवडाले बिहीबार हुने खेलमा सबै खेलाडीले आआफ्नो आमाको नाम लेखिएको जर्सी लगाउने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "आमाको सम्मानमा उक्त जर्सी लगाउने निर्ण भएको हो।"

बिहीबार पनि उक्त जर्सी लगाएर खेल्ने र त्यसपछि ती जर्सीलाई बिक्रीका लागि अक्सनमा राखिने जनाइएको छ । जर्सी बिक्रीबाट सङ्कलन भएको रकम आमा समूहलाई प्रदान गरिने खतिवडाले बताउनुभयो। सुरुआती दुवै खेलमा पराजित भएको साविक विजेता जनकपुर बोल्ट्स बिहीबार भने पहिलो जितेको खोजीमा हुनेछ। रासस

## रवी बोपरा बने ह्याट्रिक अर्धशतक खेलाडी

**टुडे समाचारदाता**

जनकपुरधाम । चितवन राइनोजका रवी बोपराले लगातार तीन अर्धशतक जोडेका छन्।




नेपाल प्रिमियर लिग (एनपिएल) मा बोपराले तेस्रो अर्धशतक विराटनगर किंग्स्का विरूद्ध पूरा गरेका छन्। उनले २९ बलमा ३ छक्का र दुई चौकाको मद्दतमा ५० रन पार गरे। ३८ बल खेलेका बोपरा चार छक्का र तीन चौकाको मद्दतमा ६५ रन जोडेर आउट भए।

यसअघि उनले कर्णाली याक्स र लुम्बिनी लायन्सका विरूद्ध पनि अर्धशतक जोडेका थिए। योसँगै बोपरा जारी एनपिएलमा ह्याट्रिक अर्धशतक हान्ने पहिलो खेलाडीसमेत बनेका छन्। त्यसै गरी पोखरा एभेन्जर्सका कुशल भुर्तेलले दुई अर्धशतक जोडेका छन्।

भुर्तेल, बोपरासँगै सुदूरपश्चिम रोयल्सका जोश ब्राउन, सुदूरपश्चिमकै हरमित सिंह, विराटनगर किंग्स्का ब्याटरद्वय लोकेश बम र मार्टिन गुप्टिल, कर्णाली याक्सका प्रियान्क पञ्चाल र जनकपुर बोल्ट्सका आशिफ शेख पनि अर्धशतक जोड्नेको सूचीमा छन्।

कर्णालीका मार्क वाटमात्रै जारी प्रतियोगितामा हालसम्म शतक हिर्काउने खेलाडी बनेका छन्।

## विश्वकप क्रिकेटको खेल तालिका सार्वजनिक




काठमाण्डु। सन् २०२६ मा हुने आइसिसी टी-२० विश्वकपको खेल तालिका सार्वजनिक भएको छ । अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले सहभागी २० टोलीलाई चार समूहमा विभाजन गर्दै खेल तालिका सार्वजनिक गरेको हो।

भारत र श्रीलङ्कामा हुने आइसिसी टी-२० विश्वकप आगामी फेब्रुअरी ७ देखि मार्च ८ सम्म सञ्चालन हुनेछ । सार्वजनिक तालिकाअनुसार नेपाल समूह 'सी' मा रहेको छ। नेपालका सबै खेल भारतको मुम्बईमा राखिएका छन्। नेपालको समूहमा वेस्ट इन्डिज, इङ्ल्यान्ड, बङ्गलादेश र इटाली छन्। वेस्ट इन्डिज र इङ्ल्यान्ड दुवै दुईदुई पटकका विश्वविजेतासमेत हुन्।

नेपालको पहिलो खेल आगामी फेब्रुअरी ८ तारिखमा मुम्बईस्थित वान्खडे रङ्गशालामा इंग्ल्यान्डसँग हुनेछ । यस्तै नेपालको दोस्रो खेल फेब्रुअरी १२ मा इटाली, तेस्रो फेब्रुअरी १५ मा वेस्ट इन्डिज र चौथो फेब्रुअरी १७ मा बंगलादेशसँग हुने नेपाल क्रिकेट सङ्घ (क्यान) ले जनाएको छ। क्यानका अध्यक्ष चतुरबहादुर चन्दले केही साताअघि आइसिसी अध्यक्ष जय शाहलाई भारतको नयाँदिल्लीमा भेटेर नेपालका खेलहरू भारतमा राखिदिन आग्रहसमेत गर्नुभएको थियो । उक्त आग्रहलाई स्वीकार गर्दै नेपालका सबै खेल भारतमा राखिएका अध्यक्ष चन्दले बताउनुभयो।

योसँगै नेपाल तेस्रोपटक विश्वकपमा सहभागी हुँदैछ। यसअघि नेपालले सन् २०१४ र २०२४ मा विश्वकप खेलेको थियो। रासस

# स्वरसम्राट नारायण गोपालद्वारा इच्छित 'गीत गङ्गा' भवन निर्माण

काठमाण्डु । "म नरहे पनि तिमीले एउटा सङ्गीतसम्बन्धी स्कुल खोल्नु र वसन्त चौधरीलाई त्यसको अध्यक्ष बनाउनु । यसबाहेक नगेन्द्र थापा, विश्वम्भर प्याकुर्‍याल र मेरा साथीहरू पनि त्यसमा समावेश गर्नु । तिमीले केही गर्नुपर्दैन । साथीहरूले सघाउँछन्", स्वरसम्राट नारायण गोपालले बित्नुअघि अस्पतालको सघन उपचार कक्ष (आइसियू)मा धर्मपत्नी पेमला गुरूवाचार्यलाई दिनुभएको जिम्मेवारीले अहिले पूर्णताः पाएको छ ।

पेमलाले नारायण गोपालको उक्त उद्‌गारलाई नारायण गोपाल सङ्गीत कोषद्वारा प्रकाशित 'बागीना' को स्मृति अङ्कको संस्मरणमा लेख्नुभएको छ । नारायण गोपालको उक्त सुरमय सपना महाराजगञ्जस्थित नवनिर्मित 'गीत गङ्गा' भवनले पूरा गरेको छ । यद्यपि, गुरुवाचार्य जीवित छँदा भने यो कार्यले पूर्णता पाउन सकेन ।

महाराजगञ्जस्थित भाटभटेनी सुपरमार्केट नजिक एक रोपनी चार आना जग्गामा निर्मित 'गीत गङ्गा' सङ्गीतमय भवनमा रूपान्तरण हुँदैछ । यहाँ एक अत्याधुनिक स्टुडियो, विभिन्न सङ्गीतका कक्षाकोठाहरू, नारायण गोपालको सङ्ग्रहालय र एक सङ्गीतसम्बन्धी एफएम रेडियो पनि सञ्चालनको तयारी भइरहेको छ । यहाँका दुई भवनमध्ये एउटालाई 'गीत गङ्गा' र अर्कोलाई नारायण गोपाल सङ्गीत कोषको कार्यालयका रूपमा निर्माण गरिएको कोषले जनाएको छ ।



काठमाण्डु महानगरपालिकाको तत्कालीन नेतृत्वले गरेको निर्णयबाट उक्त भवन निर्माणार्थ रु पाँच करोड ५० लाख विनियोजन भएपछि विसं २०७७ देखि काम सुरू भएको थियो । त्यसबेला कामपा-३ का वडाध्यक्ष दीपक केसी अहिले नारायण गोपाल सङ्गीत कोषको अध्यक्ष भएर स्वरसम्राटको अन्तिम इच्छालाई साकार बनाउने अभियानमा अगुवाई गर्दै हुनुहुन्छ ।

अध्यक्ष केसीले पहिलो कार्यकालमा वडाध्यक्ष हुँदा २०५३ सालमा महाराजगञ्जमा नारायण गोपाल चोक नामकरण गरी उहाँको शालिक निर्माण गराउनुभएको थियो । विसं २०७१ देखि कोषमा जोडिनुभएका केसीले 'गीत गङ्गा' भवन नेपालको सबैभन्दा ठूलो 'फुल अर्केष्ट्रा' सहितको स्टुडियो निर्माण हुँदैछ ।

"अस्पतालको श्ययामा रहेका बेला स्वरसम्राटले आफ्नो हात्तिगौंडाको जग्गा बेचेर सङ्गीत विद्यालय खोल्न भन्नुभएको थियो, त्यहाँको जग्गा बेच्न नमिलेकाले महाराजगञ्जको जग्गालाई राष्ट्रको सम्पति बनाएका छौं । 'गीत गङ्गा' भवन नयाँ पुस्ताका लागि सङ्गीतको ज्ञान केन्द्र हो", अध्यक्ष केसीले भन्नुभयो, "हामीलाई महानगरबाहेक अहिले अन्य सरकारबाट कुनै सहयोग प्राप्त भएको छैन । कोषमा रहेको रु ६० लाखको रकमबाट वार्षिक कार्यक्रम र पुरस्कार सञ्चालन गरिरहेका छौं ।"

यही मङ्सिर १९ गते नारायण गोपालको ३५औँ स्मृति दिवसका अवसरमा कोषको आयोजनामा 'गीत गङ्गा' भवनको काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहबाट उद्धाटनका साथै स्रष्टा सम्मान र पुरस्कार वितरण कार्यक्रम हुँदैछ । कोषले गायक तथा पूर्वराज्यमन्त्री रामवीर मानन्धर र वरिष्ठ सर्जक बिबी थापालाई सम्मान र जनही रु ५१ हजार राशिको पुरस्कार बालकृष्ण सजीव (रचना), राजु अग्रवाल (सङ्गीत) र दावा ग्याल्मो देवान (गायन) लाई पुरस्कार प्रदान गरिने जनाएको छ ।

सफल एवं ख्यातिप्राप्त आधुनिक नेपाली गायक नारायण गोपाल गुरूवाचार्यको जन्म विसं १९९६ असोज १८ र मृत्यु विसं २०४७ मङ्सिर १९ भएको थियो । नेपालको पहिलो पुस्ताका गायक नारायण गोपालका एक सय ३७ गीत रेकर्डिङ भएका छन् । उहाँका 'बिछोडको पीडा...', 'ए कान्छा ठट्टैमा यो वैँश जान लाग्यो...', 'जाग, लम्क चम्क हे...', 'गल्ती हजार हुन्छन्...', 'अल्झेछ क्यारे पछ्यौरी...', 'ईश्वर तैँले रचेर फेरि...', 'मेरो बेहोसी...', मुटु माथि ढुङ्गा राखी...', 'मलाई छोडी मेरो छायाँ...', 'छोपिएर घामको झुल्का...', 'पर्खी बसेँ आउला भनीँ...' लगायत सयौँ लोकप्रिय गीत छन् ।

गीत र सङ्गीत क्षेत्रका स्थापित व्यक्तित्वहरू लक्ष्मीप्रसाद देवकाटा, प्रेमध्वज प्रधान, रत्नशम्शेर थापा, पुष्प नेपाली, बच्चुकैलाश, तारादेवी, अम्बर गुरुङ, नातिकाजी, शिवशङ्कर, चाँदनी शाह, दिनेश अधिकारी, कालिप्रसाद रिजाल, किरण खरेल, शम्भुजीत बाँस्कोटा आदिका सृजनासँग सहकार्य गर्दै नारायण गोपालले नेपाली गीतको आधुनिकतामा विशेष आयाम थप्नुभएको हो । रासस

# शोभाकलीले सातौँ छावा जन्माउँदा...

इटहरी । कोशी टप्पु वन्यजन्तु आरक्षमा रहेकी शोभाकली हात्तीले आफ्नो सातौँ सन्तान जन्माएकी छन् । आरक्षका प्रमुख एवं वरिष्ठ संरक्षण अधिकृत भुपेन्द्रप्रसाद यादवका अनुसार शोभाकलीले गत कात्तिक ३० गते आइतबार राति १०:३० बजे स्वस्थ (छावा) जन्माएकी हुन् ।

जन्मपछि आमा र छावा दुवैको स्वास्थ्य सामान्य रहेको जनाउँदै उहाँले चिकित्सक तथा मउते टोलीको निगरानीमा राखिएको आरक्षले जनाएको छ । छावाको जन्म भएको आज ११औँ दिन नवजात हात्तीको औपचारिक रूपमा नामकरण कार्यक्रम आयोजना गरिएको आरक्षका प्रमुख यादवले जानकारी दिनुभयो । उहाँका अनुसार आरक्ष कर्मचारी तथा स्थानीय समुदायको सहभागितामा आयोजित समारोहमार्फत छावाको नाम 'भुपेन्द्र गज' राखिएको छ ।

"शोभाकली करिब दुई दशकदेखि आरक्षमा कार्यरत अभिमुखी हात्तीमध्ये एक हुन् । उनलाई मुख्यतः गस्ती, वन्यजन्तु अनुगमन, तथा अत्यावश्यक उद्धार कार्यमा प्रयोग गरिन्छ", प्रमुख यादवले भन्नुभयो ।

यो जन्मसँगै शोभाकलीबाट जन्मिएका छावाको सङ्ख्या सात पुगेको छ । आरक्षका अनुसार उनका अधिकांश सन्तान अहिले पनि विभिन्न संरक्षण क्षेत्र तथा हात्ती प्रजनन केन्द्रमा स्वस्थ रूपमा पालनपोषणमा छन् । नवजात भुपेन्द्र गज हाल प्रतिदिन औसत १०-१२ लिटर दूध सेवन गरिरहेको जनाउँदै उहाँले जन्मेको तेस्रो दिनदेखि आमा पछ्याउँदै हिँड्न थालेको माहुतेहरूले जनाएका बताउनुभयो ।



कोशी टप्पु वन्यजन्तु आरक्ष १७५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । हात्ती, गैँडा, हरिण, निलगाईलगायत ४५० भन्दा बढी प्रजातिका चराको महत्वपूर्ण आवासस्थल मानिन्छ ।रासस

# नेप्से परिसूचक नौ अङ्कले बढ्यो

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक नौ दशमलव ६१ अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक अघिल्लो दिनको तुलनामा शून्य दशमलव ३६ प्रतिशतले बढेर दुई हजार ६६५ दशमलव ६० अङ्कमा पुगेको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ६४ अङ्कले बढेर ४५९ दशमलव १७ अङ्कमा पुगेको छ । आज नेप्से परिसूचकसँगै कारोबार रकम पनि बढेको छ । कूल ३२२ कम्पनीका एक करोड ३६ लाख २० हजार ८३८ कित्ता शेयर रु छ अर्ब ६९ करोड २९ लाख ७१ हजार ९५ मा खरिद बिक्री भएको छ । मङ्गलबार कूल रु पाँच अर्ब ८२ करोड ३० लाख २८ हजार ६६३ मा शेयर खरिद बिक्री भएको थियो ।

नेप्सेका अनुसार आज कारोबार भएकामध्ये वित्त, लगानी, जीवन बिमा, सामूहिक लगानी कोष र निर्जिवन बिमा समूहका उपसूचक घटेका छन् । त्यसबाहेकका अरु उपसूचक भने बढेका छन् । जसमा सबैभन्दा बढी होटल तथा पर्यटनको उपसूचक शून्य दशमलव ९९ प्रतिशतले बढेको छ ।

आज एनआरएन इन्फ्रास्टक्चरको शेयर रु ६२ करोड ४३ लाख ४३ हजार २१५ मूल्य बराबरको कारोबार भई शीर्ष स्थानमा रहेको छ । झापा इनर्जी लिमिटेडको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।रासस

## गण्डकीमा घरबासः

# स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना र संस्कृतिको जगेर्ना गर्दै

गण्डकी । मुलुकभित्र पहिलोपटक घरबास (होमस्टे) पर्यटनको सुरुआत भएको गण्डकी प्रदेशअन्तर्गतको स्याङ्जा जिल्लाको शिरुबारी गाउँ हो । पछिल्लो समय प्रदेशका ११ वटै जिल्लाका विशेषतः ग्रामीण भेगका घरबास सञ्चालन भएका छन् । कतिपय स्थानमा घरबास पर्यटनका कारण विगतमा सहर झरेका स्थानीयहरू पुनः गाउँ फर्कन थालेका छन् । घरबासका कारण ग्रामीण क्षेत्रका रमणीय स्थानहरू पर्यटनसँग जोडिन थालेका छन् ।

गाउँबाट जनशक्तिको पलायन राष्ट्रव्यापी समस्याका रूपमा देखिए पनि कतिपय गाउँमा घरबासका कारण गाउँ छोडेकाहरू पनि पुनः फर्कन थालेका छन् । हिमाल पारीको जिल्ला मुस्ताङस्थित ठिनी गाउँमा घरबास सञ्चालनमा आएसँगै उक्त क्षेत्रका स्थानीय उत्पादनले मूल्य पाउनुका साथै स्थानीयवासीका लागि रोजगारीका अवसर सिर्जना भएका स्थानीय युवा निरज थकालीले बताउनुभयो । यहाँका घरबासले स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना र संस्कृतिको जगेर्ना गर्दै आएका उहाँको भनाइ छ ।

"ठिनी गाउँमा यहाँका स्थानीयले २०७२ सालदेखि घरबास सञ्चालन सुरु गरेकामा औपचारिक रूपमा २०७५ सालदेखि दर्ता गरिएको हो", उहाँले भन्नुभयो, "घरबास सञ्चालनसँगै स्थानीय उत्पादन बिक्रीका लागि अन्यत्र जानु परेको छैन, उत्पादित कृषिजन्य वस्तु गाउँमा बिक्री हुने गरेका छन् ।"

घरबास सञ्चालन र यहाँको पर्यटकीय गतिविधि बढ्दै जाँदा त्यसले स्थानीय उत्पादनमा पनि सकारात्मक प्रभाव पारेको बताउँदै थकालीले आसपासका जग्गामा खेती हुन थालेपछि जमिन बाँझो नभएको जानकारी गराउनुभयो । उहाँका अनुसार मुस्ताङ क्षेत्रमा पछिल्लो समय आलु, स्याउ, खुर्पानी, सिमीलगायत उत्पादन बढेको छ ।

ठिनीका १० घरमा घरबास व्यवसाय सञ्चालन भइरहेको जनाउँदै उहाँले आएका पाहुनालाई स्थानीय उत्पादनका परिकारहरू खुवाउने, मौलिक कलासंस्कृतिले मनोरञ्जन प्रदान गर्ने गरिएको बताउनुभयो । गाउँका पर्यटकीय स्थान जान्न र बुझ्न चाहनेका लागि पनि घरबास जीवन्त पाठशालाजस्तै बनेका उहाँको भनाइ छ ।

गण्डकी प्रदेशका जिल्लागत रूपमा तथ्याङ्कअनुसार तनहुँमा ४७, पर्वतमा ४५, स्याङ्जामा ४४, कास्कीमा ३६, बागलुङमा २८, लमजुङमा २३, गोरखामा २२, नवलपरासी बर्दाघाट सुस्ता पूर्व र म्याग्दीमा १०/१०, मुस्ताङमा तीन र मनाङमा दुईवटा घरबास सञ्चालनमा छन् । अधिकांश सामुदायिक घरबासका रूपमा सञ्चालित छन् ।

गण्डकीमा घरबासको लहर बढिरहेको अवस्थामा कोभिड-१९ को महामारीका कारण भने केही समय सुस्ताएको थियो । पछिल्लो समय समयले साथ दिएसँगै घरबास व्यवसाय पुनः चलायमान बनेको सञ्चालकहरू बताउँछन् ।



घरबास सञ्चालनबाट स्थानीय उत्पादनको सहज बजारीकरणसँगै स्थानीयको रोजगारीमा महत्वपूर्ण उपलब्धि हासिल भएको गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष शोभा सापकोटाले बताउनुभयो ।

"घरबासका माध्यामबाट गाउँमा पर्यटकीय गतिविधि बढेसँगै कतिपय स्थानमा विगतमा विदेशिएका जनशक्ति पनि यही फर्केर व्यापार/व्यवसाय सञ्चालन गर्न थालेका छन्", उहाँले भन्नुभयो, "घरबासले स्थानीयको रोजगारीसँगै कृषिजन्य उत्पादन बढाउन पनि ठूलो सहयोग पुगेको छ ।"

मञ्चले अघिल्लो वर्ष गण्डकी प्रदेशभित्रका घरबास सञ्चालकहरूलाई पोखरामा आमन्त्रण गरेर ग्रामीण पर्यटक पथप्रदर्शकको तालिमसमेत दिएको अध्यक्ष सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार मञ्चमार्फत विभिन्न तालिमसँगै घरबास सञ्चालकबीच अनुभव आदानप्रदानलगायत कार्यक्रम पनि सञ्चालन गरिएका छन् ।

घरबास सञ्चालनले ग्रामीण पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादन प्रवर्द्धन र मूल्य तथा रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुगिरहेको उहाँले बताउनुभयो । रोजगारी, उत्पादनसँगै स्थानीयवासीमा आतिथ्यताको भावना अभिवृद्धि गराउनसमेत उपयोगी बनिरहेका घरबास प्राचीन संस्कृतिको जगेर्नाका लागि पनि उत्तिकै सहयोगी बनेका छन् ।

गण्डकी प्रदेशका घरबासहरूमा हिमाली भेगमा पाइने तिब्बतीयन संस्कृतिदेखि तराईका थारु संस्कृतिसम्मको अनुभव लिन पाइन्छ । विभिन्न जातजाति, धर्म र संस्कृतिको अनुपम सङ्गमजस्तै बनेको यस प्रदेशमा ब्राह्मण, क्षेत्री, दलित, भोटे, गुरुङ, मगर, थारुलगायत विभिन्न समूदायका जातजाति तथा आदिवासीहरूका विभिन्न सस्कृति रहेका छन् ।

ठाउँ र परिवेश अनुसार यहाँका घरबासमा घाटु, कौरा, सोरठी, मारुनी, लठ्ठी नाच, झमरा नाच, डम्फु नाच, गोलेनी नाच, लोकभाका, झ्याउरे, भजन चुड्कालगायतका अनुभवसमेत लिन सकिन्छ ।

घरबास कार्यक्रम स्थानीय उत्पादनको बजारीकरण र स्वरोजगार अभिवृद्धिका लागि वरदान सावित बनेको स्याङ्जाको पुतलीबजार नगरपालिका, भैँसेगौँडास्थित मिलेनियम भैँसेगौँडा सामुदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङले जानकारी दिनुभयो ।

"घरबासका कारण गाउँमा उत्पादित कुटिकरेला, साग, फर्सी, स्कुस, लोकल टमाटर, मह, घ्युलगायत उत्पादन घरबाटै बिक्री हुन थालेका छन्", उहाँले भन्नुभयो, "यहाँ आएका पाहुनालाई स्थानीय उत्पादन खुवाउन पाइएको छ । साथै उत्पादित समान पनि घरघरबाट सहजै बिक्री हुँदा यसले आम्दानी बढाएको छ ।"

विगतमा स्थानीय उत्पादनको बिक्रीका लागि बजार पुर्‍याउनुपर्ने बाध्यतालाई घरबास सञ्चालनले अन्त्य गरिदिएको उहाँले बताउनुभयो । घरबासमा आउने पाहुनालाई स्वागतार्थ प्रयोग गरिने फूलमालादेखि परिकार बनाएर खुवाउने खाद्यान्नको उत्पादनसमेत घरबासका कारण बढिरहेको उहाँको भनाइ छ । रासस

# एमसिए नेपालद्वारा न्यू बुटवल सबस्टेसन र प्रसारण लाइन निर्माण शुभारम्भ

नवलपरासी । पश्चिम नवलपरासीको सुनवल नगरपालिका-१३ मा एमसिए नेपालले आज एक कार्यक्रमको आयोजना गरी न्यू बुटवल सबस्टेन र १८ किमी प्रसारण लाइन निर्माण शुभारम्भ गरेको छ ।

अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदूत डिनआर थम्प्सनले संयुक्त रूपमा प्रसारण लाइन निर्माणको शुभारम्भ गर्नुभएको हो ।




अर्थमन्त्री खनालले यो सबस्टेन र प्रसारण लाइन निर्माण सम्पन्न भएसँगै प्रत्यक्ष रूपमा दीर्घकालीन विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "स्वच्छ ऊर्जामा पहुँचको विस्तार, क्षेत्रीय ऊर्जा व्यापारमा अभिवृद्धि तथा दीर्घकालीन आर्थिक वृद्धि हासिल गर्ने राष्ट्रिय लक्ष्यमा सहयोग पुर्‍याउने सरकारको सशक्त प्रतिबद्धता यस आयोजनामा प्रतिविम्बित भएको छ । एमसिसी र एमसिए नेपालको सहयोगबाट हामी राष्ट्रको हितका लागि सम्झौतालाई कार्य रूपमा रूपान्तरण गर्दैछौं ।"

राजदूत थम्प्सनले दुई वर्षदेखि निरन्तर प्रयासर गर्दै आज यहाँसम्म आइपुगेको बताउनुभयो । उहाँले भन्नुभयो, "यसले नेपालका लागि आर्थिक वृद्धिसँगै खुला व्यापारमा पनि वृद्धि हुनेछ । प्रसारण लाइन तथा सबस्टेसनजस्ता आयोजनाले परिवार तथा व्यवसायमा सहज विद्युत् आपूर्ति विस्तार गर्नुका साथै मुलुभरि व्यापार वृद्धि, रोजगारी तथा प्रगतिका लागि अवसरहरू सिर्जना गर्नेछ । आजको यो कार्यक्रम सहकार्यबाट केकति हासिल गर्न सकिन्छ भन्ने प्रमाण हो ।"

जिल्ला समन्वय समिति नवलपरासीका प्रमुख भगौतीप्रसाद यादवले परियोजनामार्फत स्थानीयलाई सीपको आधारमा समेट्न सक्नेगरी अगाडि बढ्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "यो परियोजनालाई सबैले हातेमालो गरी अगाडि बढाउँदै लैजानुपर्छ ।"

एमसिसी नेपाल कम्प्याक्ट कार्यक्रमअन्तर्गत निर्माण गर्न लागिएका यी नयाँ पूर्वाधारले नेपालको विद्युतीय सञ्जाललाई सशक्तीकरण गर्नुका साथै नेपाल र भारतबीच महत्वपूर्ण ऊर्जा व्यापार अन्तरसम्बन्ध स्थापना गर्नेछ । रासस


मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

उष्ण प्रदेशिय बागवानी नर्सरी विकास केन्द्र

जनकपुरधाम, धनुषा

शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशन मितिः २०८२/०८/११

यस कार्यालयको तपसिलमा उल्लेखित माटो पूर्ने कार्यको लागि शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोले मिति २०८२/०८/२६ गते दिउँसो १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटः www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N | Contract No. | Description of Work | Estimated Cost (Exclusive of VAT and Contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1. | THNC/NCB/ SQ01/2082-083/ Works | Procurement for Filling of fertile soil in Mango, litchi and other blocks of office | 1,539,786.91 | 51000 | 1000 |

प्रमुख

